# जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि- २०६७

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
२०६७

भाग १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ
२. परिभाषा
३. अनुदानको उद्देश्य
४. कार्यविधिको उद्देश्य
५. कार्यविधिको कार्यक्षेत्र

**भाग २**

## अनुदानको किसिम र बाँडफाँडको आधार

६. अनुदानका किसिम
७. पूँजिगत अनुदान बाँडफाँडको आधार

**भाग ३**

## रकम विनियोजनका क्षेत्रहरु

८. चालू खर्च अनुदान
९. क्षमता विकास अनुदान
१०. सामाजिक परिचालन अनुदान
११ . पूँजिगत अनुदान
१२. जिल्ला विकास कोषको पूँजिगत रकमबाट लगानी निषेध गरिएका विषयहरु
१३. समपूरक कोष सम्बन्धी व्यवस्थाः
१४. आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्च सम्बन्धी व्यवस्था
१५. गाउँ विकास समितिको आयोजना व्यवस्थापन सेवा सम्बन्धी व्यवस्थाः

**भाग ४**

## योजना तर्जुमा एवं आयोजना छनौट

१६. जिल्ला स्रोत अनुमान समिति :
१७. कार्यक्रम/आयोजनाको प्राथमिकताक्रम निर्धारण
१८.योजना तर्जुमा
१९. अन्तर निकाय समन्वय
२०. सम्भाव्यता अध्ययन

**भाग ५**

## कार्यक्रम/आयोजना सञ्चालन एवं व्यवस्थापन

२१. कार्यक्रम/आयोजना कार्यान्वयन प्रक्रिया
२२. उपभोक्ता समिति सम्बन्धी व्यवस्था
२३. सार्वजनिक निजी साझेदारीः
२४.ठेक्कापट्टाबाट काम गराउन सकिने
२५.सडक निर्माण सम्बन्धी विशेष व्यवस्था
२६. मर्मत संभार सम्बन्धी व्यवस्था :
२७. जनसहभागिता एवं लागत सहभागीता

**भाग ६**

## अनुगमन एवं मूल्याङ्कन

२८.सुपरिवेक्षण तथा अनुगमन समिति :
२९. अनुगमन सम्बन्धी थप व्यवस्था
३०. आयोजना जाँचपास, फरफारक र हस्तान्तरण सम्बन्धी व्यवस्था

३१. प्रगति प्रतिवेदन एवं समीक्षा सम्बन्धी व्यवस्था
३२. प्रभाव अध्ययन
३३. मूल्याङ्कन तथा पुरस्कार सम्बन्धी व्यवस्था :

भाग ७

बजेट अख्तियारी र निकासा

३४. अख्तियारी र रकम निकासा प्रक्रिया

भाग ८

कोष व्यवस्थापन

३५. जिल्ला विकास कोष :
३६. कोष सञ्चालन र व्यवस्थापन
३७. विशेष कोष सम्बन्धी व्यवस्था
३८. रकम फ्रिज सम्बन्धी व्यवस्था

भाग ९

लेखा र लेखापरीक्षण

३९. लेखा व्यवस्थापन
४०. लेखा परीक्षण

भाग १०

सुशासन सम्बन्धी थप व्यवस्था

४१. उत्तरदायित्व सम्बन्धी व्यवस्था
४२. पारदर्शिता सम्बन्धी व्यवस्था
४३. वित्तीय सुशासन जोखिम (फिडुसियरी रिक्स) न्यूनीकरण सम्बन्धी व्यवस्था
४४. राजनीतिक दलको जिम्मेवारी तथा उत्तरदायीत्व सम्बन्धी व्यवस्था
४५. पूँजिगत अनुदान कटौति वा रोक्का राख्न सकिने

भाग ११

विविध

४६. विषयगत मन्त्रालयको जिम्मेबारी
४७. जिल्ला विकास समितिको भूमिका
४८. गाउँ विकास आयोजना सहजीकरण समिति
४९. गाउँ विकास समितिलाई अनुदान दिन सकिने
५०. निर्देशनको पालनाः
५१. आयोजना कार्यान्वयन सम्बन्धी थप व्यवस्था
५२. कर्मचारीको अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था
५३. अभिमुखीकरण सम्बन्धी व्यवस्था
५४. राजश्व अभिवृद्धि सम्बन्धी सचेतना
५५. थपघट र हेरफेर
५६. खारेजी र बचाऊ

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७।९।११ को बैठकबाट स्वीकृत

# जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७

परिचय

नेपाल सरकारबाट जिल्ला विकास समितिलाई प्राप्त हुने सबै प्रकारका अनुदान, जिल्ला विकास समितिको स्वआर्जन, राजस्व बाँडफाँड, विकास साझेदार र राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम समेतलाई एकीकृत गरी सबै वर्ग र क्षेत्रमा विशेष गरी गरीब, महिला, बालबालिका, सामाजिक एवं आर्थिक दृष्टिकोणबाट पिछडिएका वर्ग र समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व रहने गरी स्रोत-साधनको अधिकतम परिचालन गर्दै सन्तुलित र समान तवरबाट सहज र सरल रुपमा सेवा सुविधा उपलब्ध गराउन एवं त्यस्तो सेवा सुविधालाई मितव्ययी, सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी, न्यायोचित, दिगो र गुणस्तरयुक्त गराउँदै गरीबी न्यूनीकरण र दिगो विकासका लागि स्रोत र साधनलाई व्यवस्थित गरी सञ्चालन गर्नका लागि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३४ र २३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट "जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७" जारी गरी लागू गरिएको छ ।

## भाग १ :
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनुपर्छ ।

(ख) "नियमावली " भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनुपर्छ ।

(ग) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्थानीय विकास मन्त्रालय सम्झनुपर्छ ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले स्थानीय विकास मन्त्रालय बाहेकका नेपाल सरकारका विकास निर्माण एवं सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरुलाई सम्झनुपर्छ । (च) "विषयगत कार्यालय" भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत जिल्लास्थित कार्यालय तथा डिभिजन कार्यालयसमेतलाई सम्झनुपर्छ ।

(छ) "विकास साझेदार" भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृ निकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था आदि सम्झनुपर्छ ।

(ज) "राजस्व बाँडफाँड" भन्नाले ऐनको दफा २२० र २२१ (ग) बमोजिम प्राप्त हुने रकम सम्झनुपर्छ ।

(झ) "न्यूनतम शर्त र कार्यसम्पादन मापन" भन्नाले स्थानीय स्वायत्त शासन नियमावलीको नियम २७३घ बमोजिम स्थानीय निकाय वित्तीय आयोगबाट वार्षिक रुपमा स्थानीय निकायको कार्य सम्पादन निश्चित मापदण्डका आधारमा मापन गर्ने पद्धति सम्झनुपर्छ ।

(ञ) “उपभोक्ता समिति” भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनुपर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

(ट) “सामाजिक परीक्षण” भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (१) र सामाजिक परीक्षण कार्यविधि, २०६३ मा उल्लेख भए अनुसारको सामाजिक जिम्मेवारीको लेखाजोखा सम्झनुपर्छ ।

(ठ) “सार्वजनिक परीक्षण” भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ (२) र सार्वजनिक परीक्षण कार्यविधि, २०६३ बमोजिम विकास कार्यक्रममा भएको लगानीको सरोकारवालाले गर्ने लेखाजोखा सम्झनुपर्छ ।

(ड) “लैङ्गिक लेखाजोखा (परीक्षण)” भन्नाले महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको लेखाजोखा र महिला पुरुषबीच समानता कायम गर्नका लागि तय गरिएको कार्यक्रम र बजेट समेतको विश्लेषण गर्ने कार्य सम्झनुपर्छ ।

(ढ) “गैर सरकारी संस्था” भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय निकायको परिषद्बाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय निकायसँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैर नाफामूलक संस्था सम्झनुपर्छ ।

(ण) “सामुदायिक संस्था” भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय निकायमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनुपर्छ ।

(त) “योजना” भन्नाले जिल्लाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक जिल्ला विकास योजना, वार्षिक जिल्ला विकास योजना, क्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजनालाई सम्झनुपर्छ ।

(थ) “कार्यक्रम” भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रम सम्झनुपर्छ ।

(द) “आयोजना” भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजना सम्झनुपर्छ ।

(ध) “अनुदान” भन्नाले नेपाल सरकारबाट जिल्ला विकास समितिलाई प्राप्त हुने निःशर्त तथा सशर्त अनुदान, विभिन्न मन्त्रालय, कार्यक्रम, विकास समिति, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोगसमेत सम्झनुपर्छ ।

(न) “निशर्त अनुदान” भन्नाले नेपाल सरकार, विकास साझेदार वा अन्य निकायबाट स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली, २०५६ र यस कार्यविधिको परिधि भित्र रही जिल्ला र राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी निर्धारित प्रक्रिया बमोजिम जिल्ला परिषदबाट कार्यक्रम स्वीकृत गरी बाँडफाँड र जवाफदेही ढंगले खर्च गर्न पाउने अनुदान सम्झनुपर्छ ।

(प) “सशर्त अनुदान” भन्नाले नेपाल सरकार, विषयगत मन्त्रालय, विकास साझेदार वा अन्य निकायबाट कुनै क्षेत्रगत कार्यक्रम वा तोकिएको क्षेत्रमा लगानी र सेवा प्रवाह हुने गरी कुनै योजना, कार्यक्रम वा आयोजना तोकी वा नतोकी क्षेत्रगत वा विशेष उद्देश्य प्राप्तिको लागि जिल्ला विकास समितिले तोकिएको शर्तको परिधि भित्र रही बाँडफाँड र खर्च गरी अपेक्षित नतिजा हासिल गर्ने अनुदान सम्झनुपर्छ ।

(फ) “बैक वा वित्तीय संस्था” भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त बैंक वा वित्तीय संस्था सम्झनुपर्छ ।

(ब) “लक्षित समूह” भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति,

भिन्न क्षमता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनुपर्छ ।

(भ) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण (बुलडोजर, एक्साभेटर, रोलर, लोडर आदि) जस्ता श्रमलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनुपर्छ ।

३. <u>अनुदानको उद्देश्य</u> : नेपाल सरकारबाट जिल्ला विकास समितिलाई प्राप्त हुने सबै प्रकारका अनुदानको उद्देश्य देहाय बमोजिम हुनेछ :–

(क) स्थानीय सीप, श्रम, स्रोत र साधनको सदुपयोग गरी स्थानीय जनताको सेवा सुविधामा पहुँच, सहभागिता र स्वामित्व अभिवृद्धि गर्ने ।

(ख) सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्दै योजनाबद्ध विकासका माध्यमबाट स्थानीय आवश्यकताको प्राथमिकीकरण, सञ्चालन एवं मर्मत संभार गर्न स्थानीय जनतालाई प्रोत्साहन गर्ने ।

(ग) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूह र क्षेत्रलाई मूलप्रवाहीकरण र सशक्तीकरण गरी समावेशी विकासलाई संस्थागत गर्ने ।

(घ) सामाजिक परिचालनका माध्यमबाट अति विपन्न र विकासमा पहुँच नभएका परिवारलाई उनीहरुको क्षमता बढाउदै विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

(ङ) स्थानीयस्तरमा कुनै पनि विकाससँग सम्बन्धित संस्थाले सम्बोधन गर्न नसकेका तर समुदायबाट पहिचान भई अति आवश्यक ठहऱ्याई आएका कार्यक्रमलाई स्थानीयस्तरबाटै सम्बोधन गर्ने ।

(च) राष्ट्रिय/अन्तर्राष्ट्रिय क्षेत्रबाट लिइएका लक्ष्य, उद्देश्य तथा प्रतिबद्धताहरुलाई स्थानीयस्तरमा कार्यक्रमका माध्यमबाट सम्बोधन गरी स्थानीयकरण गर्ने ।

(छ) सबैको सरोकारका साझा विषय जस्तै लैङ्गिक समानता, बालबालिकाको विकास, सामाजिक समावेशीकरण, वातावरण संरक्षण, जलवायु परिवर्तनमा असर पार्ने विषय, खुला दिशामुक्त क्षेत्र तथा सरसफाई जस्ता राष्ट्रिय सरोकारका विषयलाई अभियानका माध्यमबाट स्थानीयस्तरमा प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने ।

(ज) स्थानीय स्तरमा रोजगारी र आय वृद्धिबाट जीवनस्तरमा सुधार तथा रहनसहनमा सकारात्मक परिवर्तनको ल्याई गरीबी निवारणको लक्ष्य पूर्तिमा सहयोग पुऱ्याउने ।

(झ) जिल्ला विकास समितिको आफ्नो आन्तरिक आय वृद्धिका लागि सम्भावित क्षेत्रहरु पहिल्याई त्यसबाट अधिकतम् आम्दानी वृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

४. <u>कार्यविधिको उद्देश्य</u> : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :–

(क) जिल्ला विकास समितिको सबै प्रकारका स्रोत र साधनलाई उद्देश्यमूलक, पारदर्शी, उत्तरदायी र जवाफदेहीपूर्वक खर्च गर्ने पद्धति निर्माण गर्न सघाउ पुऱ्याउने,

(ख) प्राप्त अनुदानलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्ट गराउने,

(ग) आयोजना व्यवस्थापन, बजेट निकासा, निकासा र खर्च प्रक्रियालाई सरलीकृत गर्दै आयोजना कार्यान्वयनमा सहजीकरण गर्ने,

(घ) आर्थिक व्यवस्थापन प्रणालीलाई अनुशासित गराउने, लेखा, लेखा परीक्षण र प्रतिवेदन प्रणाली नियमित र व्यवस्थित गर्ने,

(ङ) अनुदानसँग सम्बन्धित विभिन्न सरोकार राख्ने संस्था, निकाय तथा पदाधिकारीको कार्यजिम्मेवारी र भूमिकामा थप स्पष्टता ल्याउने,

(च) स्थानीयस्तरमा सुशासन कायम गर्न पारदर्शिता र उत्तरदायित्व सम्बन्धी व्यवस्थाको प्रवर्द्धन गर्ने, र

(छ) जिल्ला विकास समितिको संस्थागत क्षमता, आयोजना व्यवस्थापन, अन्तरनिकाय समन्वय र सेवा प्रवाहमा दक्षता अभिवृद्धि गर्ने ।

५. **कार्यविधिको कार्यक्षेत्र :** नेपाल सरकारका विभिन्न निकायबाट प्राप्त हुने निःशर्त वा सशर्त अनुदान, आयोजनागत/कार्यक्रमगत बजेट, विकास साझेदार र अन्य निकायबाट प्राप्त हुने सबै प्रकारको सहयोग, जिल्ला विकास समितिको आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम लगायत जिल्ला विकास समितिमा प्राप्त हुने सबै प्रकारका स्रोत समेतको सञ्चालन एवं व्यवस्थापन गर्नु यस कार्यविधिको कार्यक्षेत्र हुनेछ ।

## भाग २
## अनुदानको किसिम र बाँडफाँडको आधार

६. **अनुदानका किसिम** : जिल्ला विकास समितिमा निश्चित मापदण्डका आधारमा सशर्त वा निःशर्त रुपमा निम्न प्रकारका अनुदान उपलब्ध हुनेछ ।

(१) चालू खर्च अनुदान :
(२) पूँजिगत अनुदान :
  (क) न्यूनतम पूँजिगत अनुदान
  (ख) सूत्रमा आधारित पूँजिगत अनुदान
(३) अन्य अनुदान : अन्य अनुदान अर्न्तगत देहायका क्षेत्रहरु रहनेछन् :
  (क) विषयगत सशर्त अनुदान,
  (ख) आयोजना/कार्यक्रमगत सशर्त अनुदान/बजेट,
  (ग) राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्था तथा विकास साझेदारबाट सम्झौता गरी स्थानीयस्तरमा प्राप्त हुने अनुदान/बजेट,
  (घ) वित्तीय संस्था/कोषबाट प्राप्त ऋण,
  (ङ.) प्राविधिक सहयोग,
  (च) वस्तुगत सहयोग, र
  (छ) जिल्ला विकास समितिलाई प्राप्त हुने अन्य अनुदान ।

७. **पूँजिगत अनुदान बाँडफाँडको आधार** : (१) यस कार्यविधिको दफा ६ (२) (क) बमोजिमको न्यूनतम पूँजिगत अनुदान कूल पूँजिगत अनुदानको ३० प्रतिशत भन्दा बढी हुनेछैन । यसरी छुट्टाइएको न्यूनतम पूँजिगत अनुदानलाई मन्त्रालयले भौगोलिक सुगमता तथा विकटताका आधारमा बाँडफाँड गरी पठाउनेछ ।

(२) दफा ६ (२) (ख) बमोजिमको सूत्रमा आधारित पूँजिगत अनुदानलाई देहायको सूत्रमा आवद्ध गरी जिल्ला विकास समितिको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन नतिजाको आधारमा बाँडफाँड गरिनेछ ।

| | | |
|---|---|---|
| (क) जनसंख्या | ४० | प्रतिशत |
| (ख) भारित गरिवी | २५ | प्रतिशत |
| (ग) क्षेत्रफल | १० | प्रतिशत |
| (घ) भारित लागत | २५ | प्रतिशत |

द्रष्टव्य : उल्लिखित सूत्रको सूचक जनसंख्याको हकमा तथ्याङ्क विभागबाट जनगणनाको आधारमा तयार भएको जिल्लाको जनसंख्याको आंकडा, गरिवीको हकमा नेपाल मानव विकास प्रतिवेदन, भारित लागतको हकमा स्थानीय निकाय वित्तीय आयोगको प्रतिवेदन र क्षेत्रफलको हकमा नापी विभागको तथ्याङ्कलाई आधार मानिनेछ ।

(३) मन्त्रालयले स्थानीय निकाय वित्तीय आयोगको सिफारिसमा उपदफा (२) बमोजिमको अनुदान बाँडफाँडको सूत्र र आधारलाई हेरफेर गर्न सक्नेछ ।

## भाग ३

## रकम विनियोजनका क्षेत्रहरु

८. **चालू खर्च अनुदान** : नेपाल सरकार वा अन्य कुनै निकायले चालू खर्चमा जम्मा हुने गरी तोकेको रकम तथा जिल्ला विकास समितिले आफ्नो आम्दानीबाट आर्थिक प्रशासन नियमावलीको सीमाभित्र रही छुट्याएको निश्चित प्रतिशत रकम चालू खर्च शीर्षकमा देहाय बमोजिम विनियोजन गर्नसक्नेछ ।

(क) आर्थिक प्रशासन नियमावलीको नियम ६० को उपनियम (१) (ख) सँग सम्बन्धित अनुसूची- ६ को शीर्षक नं. १ को उपभोग खर्च र शीर्षक नं. २ को कार्यालय सञ्चालन र शीर्षक नं. ४ को सेवा खर्च ।

(ख) विषयगत मन्त्रालय, आयोग, समितिबाट कर्मचारीको तलब भत्ताका लागि जिल्ला विकास समितिबाट खर्च लेख्ने गरी प्राप्त रकम ।

(ग) आर्थिक प्रशासन नियमावलीको नियम ६० (१) (ख) सँग सम्बन्धित बजेट खर्च शीर्षक नं. ३ र ४ बमोजिमको जिल्ला विकास समितिबाट स्वीकृत कार्यक्रम अनुसार यस कार्यविधिको दफा ९ बमोजिम सामाजिक परिचालन र दफा १० बमोजिमको क्षमता विकास अनुदान शीर्षकबाट खर्च हुने रकम ।

९. **क्षमता विकास अनुदान** :- (१) क्षमता विकास अनुदानबाट “जिल्ला विकास तथा गाउँ विकास समिति क्षमता विकास कार्यविधि, २०६६” को परिधिभित्र रही जिल्ला परिषद्बाट स्वीकृत क्षमता विकास योजना बमोजिम जिल्ला विकास समितिले क्षमता विकास सम्बन्धी देहायका क्रियाकलापहरु सञ्चालन गर्न सक्नेछ :-

(क) जिल्ला विकास समितिका विनियम, निर्देशिका, बुलेटिन, आवधिक/विषयगत योजना तयारी एवं अत्यावश्यक अध्ययन,

(ख) जिल्ला विकास समितिको सँगठन संरचनाको अध्ययन कार्य, जिम्मेवारी किटान सम्बन्धी कार्यहरु । तर कम्तीमा पाँच वर्ष व्यतित नभई सोही प्रकारको नयाँ अध्ययन गर्न पाईनेछैन ।

(ग) जिल्ला विकास समितिको कार्यालयमा कार्यरत कर्मचारी, विषयगत कार्यालयका कर्मचारी, विभिन्न समिति एवं संयन्त्र, उपभोक्ता समिति, सामुदायिक संस्था, गैर सरकारी संस्थाका पदाधिकारीको तालिम, अवलोकन भ्रमण,

(घ) जिल्लाको आन्तरिक आयस्रोतहरुको पहिचान, सम्भाव्यता अध्ययन, संकलन तथा व्यवस्थापन कार्य,

(ङ) सामाजिक परिचालनमा संलग्न सामाजिक परिचालक, उत्प्रेरकहरुको क्षमता विकास,

(च) लक्षित वर्ग, समूहका सदस्यहरुको सीप तथा क्षमता विकास क्रियाकलाप,

(छ) जिल्लाको क्षमतावृद्धिका लागि प्रयोग हुने भौतिक सामग्री/उपकरण आदि खरीद, जडान र व्यवस्थापन,

(ज) विशेषज्ञ, परामर्शदाता तथा सेवा प्रदायक परिचालन,

(झ) “जिल्ला विकास तथा गाउँ विकास समिति क्षमता विकास कार्यविधि, २०६६” को आधारमा जिल्ला विकास समितिको क्षमता विकास सम्वन्धमा पहिचान गरिएका अन्य क्षेत्रहरु,

(ञ) जिल्लाभित्र वसोवास गर्ने दलित, आदिवासी, जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्ग, आर्थिक एवं समाजिक रुपले विपन्न वर्ग, महिला, बालबालिका सम्बन्धी जिल्लास्तरीय सञ्जालको क्षमता विकास सम्बन्धी कार्य,

(ट) पारदर्शिता तथा उत्तरदायित्व कायम गर्न सञ्चालन गर्ने क्रियाकलापहरु, (सार्वजनिक सुनवाई/परीक्षण) एवं दस्तावेजहरुको तयारी

(ठ) मानव संसाधन विकास केन्द, सूचना तथा अभिलेख केन्द्र व्यवस्थापन,

(ड) जिल्लाको क्षमता वृद्धिका लागि प्रयोग हुने भौतिक सामग्री एवं उपकरण आदि खरीद, जडान र व्यवस्थापन,

(ढ) जिल्लामा विद्युतीय सुशासन प्रवर्द्धन र सूचना तथा सञ्चार प्रविधिको संस्थागत व्यवस्था,

(ण) प्राविधिक परामर्श सहयोग, विशेषज्ञहरुको पारिश्रमिक/भत्ता, सेवा प्रदायकहरुको सूचीकरण र परिचालन,

(त) न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकहरुले माग गरेका क्षेत्रहरु पूरा गर्न सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरु, र

(थ) जिल्लाको विकास निर्माण एवं सेवा प्रवाहसँग सम्बन्धित विषयमा विषयगत कार्यालय, नागरिक समाज, निजी क्षेत्रसँग गरिने अन्तरक्रिया एवं समन्वय कार्यक्रम ।

(द) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विकास गर्न सञ्चालन गरिने क्षमता विकासका कार्यक्रमहरु,

(२) जिल्ला विकास समितिले क्षमता विकास सम्बन्धी आवधिक/वार्षिक योजना परिषद्‌बाट स्वीकृत गराई कार्यान्वयन गर्नुपर्नेछ ।

(३) स्वीकृत क्षमता विकास योजना बमोजिममात्र क्षमता विकास अनुदान खर्च गर्नु पर्नेछ ।

(४) क्षमता विकास अनुदान अन्तर्गत लगानी हुने कार्यक्रमको आयोजना लगानी विवरण तालिका (प्रोजेक्ट फण्डिङ मेट्रिक्स) अनुसूची- १ बमोजिम स्वीकृत गरी राख्नु पर्नेछ ।

१०. **सामाजिक परिचालन अनुदान** : (१) जिल्लाको सामाजिक परिचालन सम्बन्धी क्रियाकलापहरु “सामाजिक परिचालन निर्देशिका, २०६६” को अधीनमा रही देहाय बमोजिम हुनेछन् :-

(क) स्थानीय सेवा प्रदायकले पाउने रकम,

(ख) सामाजिक परिचालनले समटेको परिवार, टोल, वस्ती, वडाको नक्सांकन र सम्बद्ध संस्थाको अनुसूची- २ बमोजिमको अभिलेख व्यवस्थापन सम्बन्धी कार्य,

(ग) जिल्ला सामाजिक परिचालन समितिको खर्च,

(घ) वडा नागरिक मञ्च, गाउँ नागरिक सचेतना केन्द्र सञ्चालन एवं व्यवस्थापन,

(ङ) गैर सरकारी संस्था, समुदायमा आधारित संस्थाको परिचालन,

(च) समुदाय सशक्तीकरण (समूह, संस्था गठन र परिचालन) सीप विकास, व्यवसाय व्यवस्थापन सम्बन्धी,

(छ) सामुदायिक मध्यस्थता एवं कानूनी उपचार तथा सहायता (प्यारालिगल) समिति परिचालन सम्बन्धी,

(ज) विपन्न घरधुरी नक्साङ्कन (ड्याग म्यापिङ) सम्बन्धी,

(झ) बालमैत्री स्थानीय शासन, बालविकास, बालक्लव तथा बाल सञ्जालका विकास सम्बन्धी,

(ञ) लैङ्गिक मूलप्रवाहीकरण र सामाजिक सशक्तीकरण तथा गरीबी न्यूनीकरण सम्बन्धी विषयहरु, र

(ट) अन्य सामाजिक विकाससँग सम्बन्धित क्रियाकलापहरु ।

(२) सामाजिक परिचालनसँग सम्बन्धी कार्यक्रमहरुको अनुसूची- ३ बमोजिमको आयोजना लगानी विवरण तालिकास्वीकृत गराई कार्यसञ्चालन गर्नु पर्नेछ ।

११. **पूँजिगत अनुदान** : जिल्ला विकास कोषको कुल पूँजिगत विनियोजनबाट देहायका क्षेत्रमा लगानी गर्नु पर्नेछ ।

(१) आर्थिक/सामाजिक एवं भौतिक पूर्वाधार विकासः जिल्ला विकास कोषको कुल विनियोजित पूँजिगत रकमबाट यस दफाको उपदफा (३) बमोजिम लक्षित समूहको लागि र दफा १३ बमोजिम समपूरक कोषको लागि आवश्यक पर्ने रकम छुट्टयाई बाँकि रहेको रकमलाई शतप्रतिशत मानी त्यसमध्येबाट देहायका क्षेत्रमा लगानी गर्न कम्तीमा ६० प्रतिशत रकम छुट्याउनु पर्नेछ । यसरी छुट्याईएको रकमबाट रु. ५ लाखभन्दा कमका कार्यक्रम/आयोजना छनौट गर्न सकिनेछैन । यस क्षेत्रमा गरिएको लगानीको **अनुसूची- ४** बमोजिमको आयोजना लगानी विवरण तालिका (प्रोजेक्ज फण्डीङ म्याट्रिक्स) तयार गर्नुपर्नेछ । पूँजिगत लगानीका क्षेत्र अन्तर्गतका विस्तृत क्रियाकलापहरुको सन्दर्भसूची **अनुसूची ५** मा उल्लेख गरिएको छ ।

(क) यातायात पूर्वाधार क्षेत्र : जिल्ला यातायात गुरु योजना (डि.टि.एम.पी.) को प्राथमिकताका आधारमामात्र लगानी गर्ने,

(ख) वन, वातावरण संरक्षण, जलवायु परिवर्तन, नविकरणीय उर्जा,

(ग) खानेपानी/सरसफाई, सिंचाई, नदी नियन्त्रण,

(घ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा संरक्षण,

(ङ.) जलस्रोत विकास तथा ग्रामीण विद्युतीकरण,

(च) स्वास्थ्य पूर्वाधार,

(छ) शिक्षा पूर्वाधार,

(ज) बजार विस्तृतीकरण र व्यवस्थापन,

(झ) सामुदायिक भवन, पुनःस्थापन केन्द्र,
(ञ) जीविकोपार्जन तथा गरीबी न्यूनीकरण,
(ट) आर्थिक विकास पूर्वाधार (कृषिमा आधारित, गैर कृषिमा आधारित, सेवा क्षेत्र),
(ठ) जिल्लाको आफ्नो आय वृद्धि गर्न गरिने प्रयासहरु,
(ड) पर्यटन/सांस्कृतिक/पुरातात्विक/ऐतिहाँसिक पूर्वाधार विकासका क्षेत्र,
(ढ) विपद् व्यवस्थापन ।

(२) प्रवर्द्धनात्मक लगानीका क्षेत्र : उपदफा (१) बमोजिम रकम छुट्याई बाँकि पूँजिगत रकमबाट देहायका प्रवर्द्धनात्मक कार्यक्रमका क्षेत्रमा प्राथमिकीकरण गरी अनुसूची- ६ बमोजिमको आयोजना लगानी विवरण तालिका (प्रोजेक्ट फण्डिङ म्याट्रिक्स) स्वीकृत गरी लगानी गर्नुपर्नेछ :–

(क) सहभागीतामूलक योजना तर्जुमा पद्धति अवलम्बन गरी बस्तीस्तरबाट सामाजिक परिचालनको माध्यमबाट माग भई आएका तर गाउँ विकास समितिले सम्बोधन गर्न नसकेका स-साना सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम/आयोजनाहरु,

(ख) स्थानीयस्तरका सरकारी, स्थानीय गैर सरकारी संस्था तथा सामुदायिक संस्था र निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन गर्न सकिने स–साना सामाजिक तथा भौतिक पूर्वाधार विकास सम्बन्धी कार्यक्रम/आयोजनाहरु,

(ग) नेपाल सरकारको राष्ट्रिय नीति तथा प्राथमिकताले समेटेका निम्न कार्यक्रम/अभियानमा सहयोग पुऱ्याउन सम्बन्धित कार्यक्रमको स्वीकृत योजना खाका, कार्यविधि वा निर्देशिका बमोजिम सञ्चालन गरिने देहायका विषयहरु :–

(१) व्यक्तिगत घटना दर्ता तथा अभिलेखीकरण सम्बन्धी,
(२) बालमैत्री गाउँ विकास समिति र बालमैत्री नगरपालिका विकास सम्बन्धी,
(३) बाल श्रम निरुपण सम्बन्धी,
(४) प्राथमिक स्वास्थ्य, एचआइभि/एड्स, भिटामिन ए, पोलियो र अन्य खोप, घुम्ती स्वास्थ्य सेवा शिविरहरु जस्ता स्वास्थ्य सम्बन्धी अभियान, प्रचार प्रसार सम्बन्धी,
(५) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी,
(६) साक्षरता अभियान तथा औपचारिक शिक्षा जस्तै (बाल बालिका शिक्षा, दलित तथा लोपोन्मुख र सीमान्तकृत जातजातिको शैक्षिक प्रवर्द्धनात्मक कार्य आदि) सम्बन्धी,
(७) महिला, बालबालिका विरुद्ध हुने घरेलु तथा/सामाजिक हिंसा निरोधात्मक कार्य सम्बन्धी,
(८) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी,
(९) खानेपानी तथा सरसफाई, खुला दिशामुक्त क्षेत्र सम्बन्धी,
(१०) खेलकुद विकास/ शारीरिक, मानसिक तन्दुरुस्तताका कृयाकलाप सम्बन्धी,
(११) कला, सहित्य, लिपि तथा संस्कृति प्रवर्द्धन सम्बन्धी, पुस्तकालय व्यवस्थापन, सामुदायिक रेडियो,
(१२) सहकारी खेती, जैविक खेती, आधुनिक कृषी प्रणाली, साना तथा सामुदायिक सिंचाई, उन्नत वीँउ विजन तथा प्रविधि विकाससँग सम्बन्धी (जस्तै : ग्रीनहाउस, गोठे मल-मूत्र संकलन, कीटनासक औषधि, आकासे पानी संकलन सिंचाई प्रविधि आदि),
(१३) गैह्रकाष्ठ बन पैदाबार, जडीबुटी तथा वृक्षारोपण कार्य र प्रसोधनात्मक कार्य सम्बन्धी,
(१४) स्थानीय/ग्रामीण पर्यटन प्रवर्द्धन सम्बन्धी,
(१५) नविकरणीय उर्जा विकास र प्रवर्द्धन सम्बन्धी,
(१६) जीविकोपार्जन तथा गरिवी निवारणमा टेवा पुर्‍याउने कार्यक्रम सम्बन्धी,
(१७) जिल्ला विकास समिति तथा गाउँ विकास समितिको सम्भाव्य देखिएका क्षेत्रको आन्तरिक आयस्रोत अभिवृद्धि गर्ने सम्बन्धी, र
(१८) विपन्नता नक्शाङ्कन र अध्यावधिक सम्बन्धी ।

(३) लक्षित समूह विकास कार्यक्रम : जिल्ला विकास कोषको कुल पूँजिगत बजेटबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/आयोजनाहरुमा लगानी गर्न देहाय बमोजिम बजेट विनियोजन गर्नु पर्नेछ :–

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजना लागि न्यूनतम १० प्रतिशत,

(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरुहरुलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजना लागि न्यूनतम १० प्रतिशत,

(ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग ( ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडावर्ग लगायत) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम १५ प्रतिशत,

(घ) लक्षित क्षेत्रमा गरिएको लगानी अनुसूची- ७ बमोजिमको आयोजना लगानी विवरण तालिका (प्रोजेक्ट फन्डिङ म्याट्रिक्स) प्रत्येक लक्षित समूहका लागि छुट्टाछुट्टै तयार गर्नु पर्नेछ ।

(ङ) लक्षित समूहको सूची र वर्गीकरणको विवरण अनुसूची- ८ र ९ मा उल्लेख गरे बमोजिम हुनेछ ।

(च) लक्षित समूहमा लगानी गर्दा उपर्युक्त उपदफा (घ) मा उल्लिखित वर्गीकरणको सूचीमध्ये लोपोन्मुख, अति सीमान्तकृत तथा अतिविपन्न परिवारहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ । यसरी लगानी गर्दा गरीबी नक्सांकन, विपन्न वर्गको नक्सांकन, आधारभूत सर्वेक्षणलाई आधार लिन सकिनेछ ।

(छ) लक्षित समूहमा जाने कार्यक्रमको कम्तीमा ७० प्रतिशत सोही समूहलाई प्रत्यक्ष फाइदा पुग्नु पर्ने, र कम्तीमा १० परिवार समेटीएको हुनु पर्ने तथा सो सम्बन्धी निर्णय प्रक्रियामा त्यस्ता समूहको सहभागिता हुनुपर्नेछ ।

(ज) लक्षित समूहको लागि सञ्चालित कार्यक्रम/क्रियाकलापहरुको विश्लेषण अनुसूची- १० बमोजिम गर्नुपर्नेछ ।

(झ) लक्षित समूह विकास कार्यक्रमका लागि छुट्टइएको रकम उपदफा (१) र उपदफा (२) मा उल्लिखित लगानिका क्षेत्रमा लगानि गर्नु पर्नेछ ।

(ञ) लक्षित समूह विकास कार्यक्रम अर्न्तगत सामाजिक परिचालन कार्यक्रम लागु भएका गाउँ विकास समितिमा सामाजिक परिचालनबाट छानिएका कार्यक्रमहरु मात्र कार्यान्वयन गर्नुपर्नेछ ।

१२. <u>जिल्ला विकास कोषको पूँजिगत रकमबाट लगानी निषेध गरिएका विषयहरु :</u> जिल्ला विकास कोषको पूँजिगत रकमबाट देहायको विषयमा खर्चगर्न पाईनेछैन :–

(क) कुनै पनि प्रकारको तलब भत्ता, वैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवं राजनीतिक पदाधिकारी/व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिईने सुविधा सम्बन्धी खर्चहरु,

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च आदि,

(ग) पूँजिगततर्फको रकम सापटी ल्याई वा रकमान्तर गरी चालू शीर्षकमा वा चालू प्रकृतिको कार्यमा खर्च गर्न,

(घ) घरभाडा, विजुली, टेलिफोन, पानीको महशुल लगायत मसलन्द खर्च आदि जस्ता चालू प्रकृतिका सबै खर्चहरु,

(ङ) विमा, ऋण कारोवार, शेयर लगानी वा बैकमा मुद्दती वा बचत खातामा रकम जम्मा गर्न,

(च) कुनै पनि प्रकारका राजनीतिक दल तथा तिनका भातृ/भगिनी सङ्गठन, संघसंस्था, वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता प्रदान गर्न,

(छ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न,

(ज) जिल्ला परिषद्बाट बजेट बाँडफाँड गर्दा अबण्डा शीर्षकमा राखी पछि बाँडफाँड गर्न,

(झ) जिल्ला परिषद्बाट निर्णय नभएका कार्यक्रमहरुमा खर्च गर्न,

(ञ) आर्थिक सहायता, चन्दा एवं पुरस्कार सम्बन्धी खर्च गर्न,

(ट) जिल्ला शिक्षा योजना, विद्यालय सुधार योजना एवं गाउँ तथा नगर शिक्षा योजनामा नपरेका कार्यक्रममा खर्च गर्न,

(ठ) यस कार्यविधि बमोजिम कार्यक्रम स्वीकृत नभई गत विगत वर्षमा वा यसै आर्थिक वर्षमा पनि सम्झौता हुनुपूर्व कार्य सम्पन्न गरिएको भनी भुक्तानी माग गरिएको कार्यक्रम/आयोजनामा खर्च गर्न, र

(ड) वातावरण संरक्षण ऐन २०५३, र वातावरण संरक्षण नियमावली, २०५४ तथा मन्त्रालयबाट स्वीकृत सामाजिक तथा वातावरणीय सूरक्षाको रुपरेखामा उल्लिखित प्रावधानहरुको प्रतिकूल हुने कुनै पनि आयोजना छनौट गर्न ।

१३. **समपूरक कोष सम्बन्धी व्यवस्थाः** (१) जिल्ला विकाससँग सम्बन्धित सरकारी, विकास साझेदार, गाउँ विकास समितिबाट सञ्चालन हुने कार्यक्रमहरुका लागि आवश्यक पर्ने सम्झौता बमोजिमको रकम साझेदारी वा लागत सहभागिता गर्न समपूरक कोष (म्याचिङ फण्ड) मा छुट्याउनु पर्नेछ ।
तर वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भईसकेपछि प्राप्त हुने प्रस्तावित योजनामा समपूरक कोषबाट रकम लगानी गर्न बाध्य हुनेछैन ।

(२) साझेदारीमा सञ्चालन गरिने आयोजनाहरु योजना तर्जुमा प्रक्रियाको प्रारम्भिक चरणदेखि सहभागितामूलक प्रक्रियाबाट जिल्ला विकास योजनामा समावेश भएको हुनुपर्नेछ ।

१४ . **आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्च सम्बन्धी व्यवस्था :** (१) जिल्ला विकास समितिको आफनो स्रोतबाट सञ्चालित वा अन्य निकायको स्रोतबाट सञ्चालन गरिने कार्यक्रम/आयोजनालाई कार्यकुशलता, प्रभावकारिता तथा मितव्ययिताको सिद्धान्त अनुसार सञ्चालनमा सहयोग पुऱ्याउन पूँजिगत लगानीको समष्टिगत रकमबाट **अनुसुची** ११ मा उल्लेख भए बमोजिम "क", "ख" र "ग" वर्गका जिल्लामा क्रमशः ५, ४ र ३ प्रतिशत रकम छुट्याई खर्च गर्न सकिनेछ । यस्तो खर्चको हिसाब **अनुसूची- १२** बमोजिमको ढाँचामा राख्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्टाएको रकमको खर्च सम्बन्धी कार्ययोजना जिल्ला परिषद्बाट स्वीकृत गराई स्वीकृत शीर्षकको अधीनमा रही देहायका क्रियाकलापहरुमामात्र खर्च गर्नुपर्नेछ :-

(क) आयोजना सर्वेक्षण वा संभाव्यता अध्ययन, डिजाइन, ड्रइङ लागत अनुमान तथा वातावरणीय, सामाजिक र प्राविधिक अध्ययन सम्बन्धी,
(ख) समावेशी/सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण सम्बन्धी,
(ग) योजना अभिलेख व्यवस्थापन, योजना खाता, रजिष्टर सम्बन्धी,
(घ) योजना/कार्यक्रमको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, जाँचपास तथा प्रतिवेदन सम्बन्धी,
(ङ) सामाजिक परीक्षण, सार्वजनिक सुनवाई, गुनासो व्यवस्थापन तथा यस कार्यविधिमा उल्लिखित पारदर्शिता र उत्तरदायित्व सम्बन्धी,
(च) उपभोक्ता समिति गठन, अभिमुखिकरण र उपभोक्ता समितिको प्रशासनिक खर्च सम्बन्धी,
(छ) आयोजना व्यवस्थापनका लागि चाहिने अत्यावश्यक प्राविधिक उपकरणहरु सम्बन्धी,
(ज) गुणस्तर परीक्षणका लागि प्रयोगशाला स्थापना गर्न आवश्यक खर्च सम्बन्धी, र
(झ) आयोजनासँग सम्बन्धित सामाजिक परिचालन कार्य सम्बन्धी ।

(३) यस दफा बमोजिम एकमुष्ट रुपमा कन्टेन्जेन्सी छुट्टाएपछि आयोजनागत रुपमा लागत अनुमान तयार गर्दा छुट्टै कन्टेन्जेन्सी रकम छुट्टाउन पाइनेछैन ।

(४) आयोजना संचालन सेवाखर्च वापत छुट्याएको रकम उपदफा (२) बमोजिम जिल्ला परिषद्बाट कार्ययोजना स्वीकृत नगराई खर्च गर्न पाइनेछैन ।

१५. **गाउँ विकास समितिको आयोजना व्यवस्थापन सेवाखर्च (कन्टेन्जेन्सी) सम्बन्धी व्यवस्थाः** : नेपाल सरकारले जिल्ला विकास समिति मार्फत गाउँ विकास समितिमा पठाउने पूँजिगत अनुदानको रकमबाट **अनुसूची- ११** मा वर्गिकृत "क", "ख" र "ग" वर्गका जिल्लामा क्रमश १, ०.७५ र ग ०.५० प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले जिल्ला विकास समितिको माग अनुसार जिल्ला विकास समितिको खातामा निकासा गर्नेछ । यस्तो रकमबाट जिल्ला विकास समितिले देहायका क्षेत्रमा बाहेक अन्य क्षेत्रमा खर्च पाउनेछैन ।

(क) गाउँ विकास समितिमा संचालिन हुने र सञ्चालित योजनाहरुको प्राविधिक कार्य तथा अनुगमन एवं मूल्याङ्कन सम्बन्धी,

(ख) गाउँ विकास समितिको मासिक, चौमासिक, बार्षिक प्रगति विवरण संकलन, एकीकरण तथा प्रतिवेदन सम्बन्धी, र

(ग) अभिलेख व्यवस्थापनका लागि गाउँ विकास समितिहरुबीच एकरुपता कायम गर्न योजना खाता, मालपोत लगत खाता, मालपोत पासबुक, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता फारामहरु छपाई एवं वितरण गर्न ।

## भाग ४

## योजना तर्जुमा एवं आयोजना छनौट

१६. **जिल्ला स्रोत अनुमान समिति** : (१) जिल्ला विकास समितिले जिल्लाको कुल स्रोतको अनुमान, विश्लेषण एवं प्रक्षेपणका लागि देहाय बमोजिमको स्रोत अनुमान समिति गठन गर्नुपर्नेछ ।

(क) जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको व्यक्ति - संयोजक
(ख) स्थानीय विकास अधिकारी - सदस्य
(ग) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख - सदस्य
(घ) जिल्ला प्राविधिक कार्यालयको प्रमुख - सदस्य
(ङ) जिल्ला विकास समितिको लेखा प्रमुख, - सदस्य
(च) विषयगत कार्यालयको तर्फबाट महिला विकास अधिकृत सहित संयोजकले तोकेको कार्यालय प्रमुख २ जना - सदस्य
(छ) गाउँ विकास समितिका सचिवहरु मध्ये स्थानीय विकास अधिकारीले तोकेको गाविस सचिव १ जना - सदस्य
(ज) योजना, अनुगमन तथा प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) समितिले ऐनको दफा १९५ (५) बमोजिम र जिल्ला आवधिक योजनाका प्राथमिकता, विषयगत क्षेत्रका प्राथमिकता तथा भौगोलिक विकटता र विपन्नतालाई समेत आधार लिई ऐनको दफा १८९ ले तोकेबमोजिम क्षेत्रगत रुपमा प्रक्षेपित लगानी, मार्गदर्शन, गाउँ विकास समिति, नगरपालिका र विषयगत कार्यालयलाई दिईने सिलिङको खाका समेत तयार गरी जिल्ला विकास समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य ऐनको दफा १९९ बमोजिम पूर्व योजना तर्जुमा गोष्ठी अगावै सम्पन्न गरी सक्नुपर्नेछ ।

१७. **कार्यक्रम/आयोजनाको प्राथमिकताक्रम निर्धारण** : (१) जिल्ला विकास समितिले ऐनको दफा २०१ मा उल्लिखित आधारहरु लगायत देहायका आधारमा कार्यक्रम/आयोजनाहरुको प्राथमिकीकरण गर्नुपर्नेछ ।

(क) क्रमागत एवं अधुरा रहेका आयोजनाहरु तथा थोरै रकममा मर्मत सम्भार गरी पुनः सञ्चालनमा ल्याउन सकिने आयोजनाहरु,
(ख) आवधिक जिल्ला विकास योजना तथा अन्य क्षेत्रगत आवधिक योजनाले निर्दिष्ट गरेका विषयहरु,
(ग) सामाजिक परिचालनको माध्यमबाट पहिचान गरिएका लक्षित समूहका मागलाई सम्बोधन गरिने विषयहरु,
(घ) स्थानीय सीप, श्रम, साधन, प्रविधि प्रयोग हुने प्रकृतिका तथा तत्काल रोजगार सृजना गर्ने एवं आय आर्जनमा बढावा दिने विषयहरु,
(ङ) प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि, गैर कृषि र सेवा क्षेत्रका कार्यक्रम/आयोजनाहरु,
(च) जिल्ला विकास समितिको आन्तरिक आय वृद्धि गर्ने कार्यक्रमहरु, र
(छ) समान प्रकृतिका आयोजनाहरुमध्ये बढी जनसहभागिता एवं लागतसहभागिता जुटाउन सकिने आयोजनाहरु ।

(२) उपदफा (१) बमोजिमको आधारमा कार्यक्रम/आयोजनाहरु छनौट गर्दा गरिवी नक्साङ्कन वा विपन्नता नक्साङ्कन आदि समेतको आधारमा तुलनात्मक रुपमा अति गरिव, विपन्न तथा वञ्चितिकरणमा परेका वर्गहरुको पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) आयोजना/कार्यक्रमको प्राथमिकता निर्धारण गर्दा अनुसूची- १३ बमोजिमको प्राथमिकता निर्धारण गर्ने तालिका प्रयोग गर्न सकिनेछ ।

१८. **योजना तर्जुमा:** जिल्ला विकास समितिको योजना तर्जुमा प्रक्रिया ऐनको दफा १९५ को अधीनमा रही देहाए बमोजिम हुनेछ :-

(क) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अगावै ऐनको दफा १९६ र २२१ अनुसार जिल्ला विकास समिति कोषमा जम्मा हुन आउने रकमलाई एउटै डालो (वास्केट) मा राखी प्राप्त मार्गदर्शन तथा आवधिक आयोजना तयार भएको भए त्यसले निर्धारण गरेको प्राथमिकता र भौगोलिक क्षेत्रका आधारमा प्राथमिकता निर्धारण र विषयगत क्षेत्र अनुसार बजेट पूर्वानुमान तयार गर्नुपर्नेछ ।

(ख) तोकिएको समयभित्र केन्द्रबाट बजेट पूर्वानुमान प्राप्त नभएमा चालू आर्थिक वर्षको वार्षिक बजेटलाई आधारमानी पूर्वानुमान गर्नसकिनेछ । बजेट पुर्वानुमान प्राप्त भएपछि प्राप्त पूर्वानुमानको आधारमा समायोजन गर्न सकिनेछ ।

(ग) जिल्ला विकास कोषमा प्राप्त हुने रकमलाई यस कार्यविधिमा उल्लेख भएका क्षेत्रहरुमा लगानी गर्न अनुमान प्रक्षेपण गर्नुपर्नेछ ।

(घ) ऐनको दफा १९७, नियमावलीको नियम, १९९ बमोजिम समावेशी एवंम् सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्वन गर्नु पर्नेछ । यस्तो चरण र प्रक्रिया अनुसूची- १४ मा उल्लेख भएबमोजिम हुनेछ ।

(ङ) केन्द्रबाट प्राप्त मार्गदर्शन, राष्ट्रिय आवधिक योजना, जिल्ला आवधिक योजनाले परिलक्षित गरेका लक्ष, उद्देश्य तथा क्षेत्रलाई योगदान पुग्ने गरी जिल्लाले प्राथमिकता निर्धारण गरेको क्षेत्रमा लगानी सुनिश्चित गरेको हुनुपर्नेछ ।

(च) योजना तर्जुमाको चरणमा कार्यक्रम/आयोजनासँग सम्बन्धित निर्देशन एवं कार्यविधिलाई ध्यानमा राखी कार्यक्रम/आयोजना तर्जुमा गर्नुपर्नेछ । यस्ता नीति, निर्देशिका र कार्यविधिहरुको सूची **अनुसूची- १५** मा दिइएको छ ।

(छ) जिल्ला विकास समितिले इलाकास्तर, गाउँ विकास समिति, नगरपालिका, विषयगत कार्यालय, गैरसरकारी संस्था, निजीक्षेत्र वा अन्य निकायबाट प्राप्त योजनाहरुलाई विषयगत रुपमा विषयगत योजना तर्जुमा समितिको वैठकमा पेश गर्न सम्बन्धित सदस्य सचिवलाई सूची उपलव्ध गराउनु पर्नेछ ।

(ज) सम्बन्धित विषयगत योजना तर्जुमा समितिले प्राप्त आयोजनाहरु बजेट सीमा र मार्गदर्शनको अधीनमा रही क्षेत्रगत प्राथमिकिकरणको मस्यौदा तयार गरी पेश गर्नुपर्नेछ ।

(झ) ऐनको दफा १९८ र नियमावलीको नियम २०४ बमोजिम गठित एकीकृत योजना तर्जुमा समितिलाई महिला, बालबालिका, दलित, आदिवासी/जनजातिको समेत प्रतिनिधित्व गराई समावेशीमूलक गराउने पर्नेछ ।

(ञ) एकीकृत योजना तर्जुमा समितिले विषयगत योजना तर्जुमा समितिबाट प्राप्त योजनाको सूचीलाई जिल्ला विकासको मूल लक्ष्यमा पुर्‍याउने योगदान, आयोजनाहरु बीचको अन्तरसम्वन्ध, परिपूकरता, दोहोरोपना र सामाजिक समावेशीकरण जस्ता पक्षहरुको विश्लेषण गरी बार्षिक जिल्ला विकास योजनाको अन्तिम मस्यौदा तयार गर्नेछ ।

(ट) कार्यक्रम र बजेट स्वीकृति गर्दा जिल्लामा सञ्चालन गरिने कार्यक्रम/आयोजनाहरु कुन संस्था मार्फत कसरी गरिने हो स्पष्ट खाका र जिम्मेवारी तालिका तयार गर्नुपर्नेछ ।

(ठ) योजना तथा कार्यक्रम तर्जुमा गर्दा सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका महिला, बालबालिका, दलित, आदिवासी/जनजाति, मधेशी, मुश्लिम, पिछडा वर्गको बाहुल्य भएको स्थानलाई लक्षित गरी प्राथमिकताकासाथ कार्यक्रम तर्जुमा गर्नुपर्नेछ । साथै भौगोलिक दृष्टिले विकट एवं सेवा पहुँचबाट वन्चित क्षेत्रलाई समेत प्राथमिकता दिनु पर्नेछ । यसका लागि सामाजिक परिचालनका माध्यमबाट माग गरिएका कार्यक्रम/आयोजनाहरुलाई प्राथमिकताकासाथ सम्बोधन गर्ने व्यवस्था गर्नुपर्नेछ ।

(ड) योजना तर्जुमा तथा कार्यान्वयनका हरेक चरणमा लैङ्गिक मूलप्रवाहीकरण, सामाजिक समावेशीकरण तथा समावेशी सहभागितालाई सुनिश्चितता गराउनु पर्नेछ ।

(ढ) ऐनको दफा १९८ बमोजिम एकीकृत योजना तर्जुमा समितिबाट प्राथमिकीकरण भई आएका कार्यक्रम/आयोजनाहरु समावेशी र सहभागितामूलक पद्धतिबाट वार्षिक कार्यक्रम र बजेट तर्जुमा गरी जिल्ला परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(ण) जिल्ला परिषद्बाट स्वीकृत भई सकेपछि कार्यक्रम र बजेट मनासीव कारण बाहेक पुनः संशोधन गर्न पाइने छैन ।

१९. **अन्तर निकाय समन्वयः** (१) पूर्वाधार लगायत आपसी सहकार्य र समन्वयका विषयहरुमा एक भन्दा बढी जिल्ला, नगरपालिका/गाउँ विकास समिति लाभान्वित हुने देखिएमा नियमावलीको नियम २७३ग बमोजिमको स्थानीय निकाय संयुक्त समिति गठन गरी कार्य गर्न सकिनेछ।

(२) वार्षिक कार्यक्रम तर्जुमा एवं सञ्चालन गर्दा जिल्ला विकास समितिले विषयगत कार्यालय, सरकारी तथा गैरसरकारी निकायहरुको सहयोग लिन सक्नेछ। यस्तो सहयोग माग गरेको अवस्थामा आवश्यक सहयोग पुऱ्याउनु त्यस्ता निकायहरुको कर्तव्य हुनेछ।

२०. **संभाव्यता अध्ययन** - (१) जिल्ला विकास समितिले रु ५० लाख लागतभन्दा माथिका भौतिक पूर्वाधारका आयोजनाहरु स्वीकृत गर्नु अगाडि संभाव्यता अध्ययन गराउनुपर्नेछ।

(२) संभाव्यता अध्ययन गर्दा सामाजिक, आर्थिक, वातावरणीय एवं प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा, डिजाईन, स्पेशिफिकेशन आयोजनाको दिगोपन सम्बन्धी न्यूनतम् विषयहरु प्रतिवेदनमा समावेश गर्नुपर्नेछ।

## भाग ५

## कार्यक्रम/आयोजना सञ्चालन एवं व्यवस्थापन

२१. **कार्यक्रम/आयोजना कार्यान्वयन प्रक्रिया :** जिल्ला विकास समितिको स्वीकृत कार्यक्रम/आयोजना कार्यान्वयन प्रक्रिया ऐनको दफा २०५ एवं नियमावलीको नियम २०० को अधीनमा रही देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम/आयोजना कार्यान्वयन गर्दा आर्थिक प्रशासन नियमावली, सार्वजनिक खरीद ऐन, २०६३ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा शर्तहरु समेतको पालना गरी खर्च गर्नुपर्नेछ । जिल्ला विकास समितिले प्राविधिक जनशक्ति परिचालन गर्दा गराउँदा आफ्नो स्वीकृत बार्षिक कार्यक्रमलाई प्राथमिकता दिनुपर्छ । थप कार्यक्रमका लागि शिफारिस गर्दा जनशक्तिको आवश्यकता विश्लेषण गर्नुपर्नेछ ।

(ख) सार्वजनिक खरीद ऐन, २०६३ एवं आर्थिक प्रशासन नियमावलीको परिच्छेद ५ बमोजिम वार्षिक खरिद योजना बनाई कार्यान्वयनमा ल्याएको हुनुपर्नेछ ।

(ग) कार्यक्रम स्वीकृति र लागत अनुमान तयार भै सकेपछि आयोजनाहरुको **अनुसूची- १६** बमोजिमको आयोजना लगत खाता राख्नुपर्नेछ ।

(घ) कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत विशेष ध्यान दिई सामाजिक परिचालक, विकास साझेदारहरु एवं विषयगत कार्यालयलाई संलग्न गराउने र यस्ता अभियानमा सामुदायिक संस्था तथा गैर सरकारी संस्थाहरुको समेत सहयोग लिन सकिनेछ ।

(ङ) वार्षिक कार्ययोजना अनुसार समयमै कार्यक्रम कार्यान्वयनका लागि आर्थिक वर्षको पहिलो चौमासिक भित्रै आयोजनाको डिजाईन, लागत अनुमान तयार गरी सक्नुपर्नेछ ।

(च) उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाका लागि सम्बन्धित गाउँ विकास समितिको कार्यालय, नगरपालिका एवं सामाजिक परिचालक मार्फत सम्बन्धित पक्षलाई जानकारी गराई संझौताको लागि सम्पर्क राख्न आउन सूचीत गर्नुपर्नेछ ।

(छ) आयोजनाको लागत अनुमान सर्वसाधारणले बुझ्नेगरी नेपाली भाषामा तयार गर्नुपर्नेछ । तर प्राविधिक दृष्टिकोणले प्राविधिक शव्दावलीहरु नेपाली भाषामा अनुवाद गर्न संभव नभएमा विस्तृत लागत अनुमान अंग्रेजीमा तयार गरी लागत तेरीज (एब्स्ट्राक्ट अफ कस्ट) सर्वसाधारणले बुझ्नेगरी नेपाली भाषामा तयार गर्नुपर्नेछ ।

(ज) कार्यक्रम/आयोजना सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्ने र पेश्कीशून्य अभियानको शुरुआत गर्नुपर्नेछ । स्वीकृत खरीद योजना बमोजिम आयोजना सञ्चालनको लागि पेश्की दिन बाधा पर्नेछैन ।

(झ) कार्यक्रम/आयोजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन, २०५३ एवं वातावरण संरक्षण नियमावली, २०५४ ले निर्धारण गरेको बजेट सीमा बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (ई.आइ.इ.) र वातावरणीय प्रभाव मूल्याङ्कन (इ.आई.ए.) गरेरमात्र सञ्चालन गर्नुपर्नेछ । साथै मन्त्रालयबाट स्वीकृत सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेखामा उल्लिखित प्रावधानको पालना गर्नुपर्नेछ ।

(ञ) कार्यक्रम/आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले प्राप्त गर्ने किस्ता रकम नजिकको बैंकमा वा बैक नभएको अवस्थामा वित्तीय संस्थामा खाता खोली राख्नुपर्नेछ ।

(ट) प्रचलित कानून बमोजिम आयोजनाको हिसाव किताव राख्ने जिम्मेवारी कार्यान्वयन गर्ने निकायको हुनेछ । यस्तो हिसाव किताव राख्ने सम्वन्धमा जिल्ला विकास समितिले आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

(ठ) जिल्ला विकास समितिबाट सञ्चालित आयोजनाहरुको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने, नियमित रुपमा भौतिक एवं वित्तीय प्रगति प्रतिवेदन मन्त्रालयमा पठाउने जिम्मेवारी स्थानीय विकास अधिकारीको हुनेछ ।

(ड) कार्यान्वयन गर्ने निकायले सम्झौता अनुसार निर्धारित समयमा आयोजना सम्पन्न गर्नुपर्नेछ ।

(ढ) जानीजानी वा लापरबाहीको कारणबाट तोकिएको समयमा कार्य सम्पन्न नगर्ने उपभोक्ता समिति, संस्था, निकाय वा व्यक्ति आदिसँग जिल्ला विकास समितिले सम्झौता भंग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(ण) रु. ३ लाख लागतभन्दा माथिका आयोजनाको अनुसूची- १६ बमोजिम आयोजनाको लगत खाता र अनुसूची- १७ बमोजिमको योजना खाता राख्नुपर्नेछ ।

(त) जिल्ला विकास समितिबाट सञ्चालित सबै आयोजनाको आयोजनास्थलमै सार्वजनिक परिक्षण गर्नुपर्नेछ ।

(थ) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साठीलाख रुपैयासम्म लागत अनुमान भएका आयोजना/कार्यक्रम उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनुपर्नेछ।

२२. <u>उपभोक्ता समिति सम्बन्धी व्यवस्था</u> : उपभोक्ता समिति गठन गर्दा ऐनको दफा २०८ र २०९ एवं आर्थिक प्रशासन नियमावलीको नियम १५५ र १५६ समेतका आधारमा देहाय बमोजिका प्रावधानहरु पालना गर्नुपर्नेछ।

(क) उपभोक्ता समिति मार्फत आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने घरपरिवारको पहिचान गरी त्यस्ता घरपरिबारको आम भेलाबाट सम्बन्धित आयोजनास्थलमा नै ७ देखि ११ सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ। उपभोक्ता समितिका सदस्यहरुले नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(ख) उपभोक्ता समितिका सदस्यहरुमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्नेछ। साथै समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ। लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, मधेशी, मुस्लिम आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरुको समेत प्रतिनिधित्व हुनुपर्नेछ।

(ग) स्थानीय निकायका निर्वाचित बहालवाला पदाधिकारी, स्थानीय निकायको सर्वदलीय संयन्त्रमा भागलिने राजनीतिक दलका प्रतिनिधिहरु, बहालबाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु उपभोक्ता समितिका सदस्य हुन पाउने छैनन्। साथै एकै समयमा एक जना व्यक्ति एक भन्दाबढी उपभोक्ता समितिको सदस्य हुन र एक घरपरिवारबाट एकजना भन्दा बढी सदस्य हुन पाइनेछैन।

(घ) उपभोक्ता समिति गठन गर्दा स्थानीय निकायले तोकेको सरकारी कर्मचारी/सामाजिक परिचालकको रोहवरमा गर्नुपर्नेछ।

(ङ) उपभोक्ता समिति गठन गर्दा आयोजनाको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन गर्न एकजना महिला सहित ५ सदस्यीय छुट्टै सुपरिवेक्षण एवं अनुगमन समिति गठन गर्नुपर्नेछ र अन्तिम भुक्तानी एवं फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिस लिनुपर्नेछ।

(च) उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ। सर्वसम्मत हुन नसकेको अवस्थामा चुनावी प्रक्रिया अवलम्वन गरी वहुमतीय प्रणालीबाट गठन गर्न सकिनेछ।

(छ) तोकिएको समयभित्र उपभोक्ता समिति गठन भै आउन नसकेमा जिल्ला विकास समितिले सहजीकरण गर्न सक्नेछ र यसरी गठन हुन नसकेमा अन्य बैकल्पिक माध्यमबाट आयोजना सञ्चालन गर्न सकिनेछ।

(ज) उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार लगायत आयोजना लागत, निर्माण समाग्रीको परिमाण, आयोजनाको गुणस्तर, राख्नुपर्ने खाता, किस्ता निकासा तथा भुक्तानी प्रक्रिया, पारदर्शिता, अनुगमन सम्बन्धी व्यवस्थाका बारेमा कार्यक्रम/आयोजना सम्झौता हुनुपूर्व एक वा सोभन्दा वढी उपभोक्ता समितिहरुका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई सामुहिक रुपमा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(झ) उपभोक्ता समितिको खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ। खाता संचालकहरुको तीनपुस्ते खुलाई आयोजना खाता र जिल्ला विकास समितिमा अभिलेख राख्नुपर्नेछ।

(ञ) उपभोक्ता समितिले आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्नेछ।

(ट) उपभोक्ता समिति, गैर सरकारी संस्था वा सामुदायिक संस्थाले रु. ५० हजारभन्दा माथिको आर्थिक कारोबार गर्दा वा भुक्तानी दिंदा अनिवार्य रुपमा र अन्यत्र बैकिङ्ग सुविधा भएको ठाउँमा सम्भव भएसम्म बैक/वित्तीय संस्थामार्फत गर्नुपर्नेछ।

(ठ) सामाजिक परिचालनका माध्यमबाट गठन भएका समूह, सामुदायिक संस्था (जस्तै सामुदायिक वन व्यवस्थापन/उपभोक्ता समिति, सहकारी संस्थाहरु, आमा समूह, कृषि समूह, विद्यालय व्यवस्थापन समिति,

सामुदायिक सँगठन आदि) कार्यक्रम/आयोजना सञ्चालन गर्न इच्छुक भएमा छुट्टै उपभोक्ता समिति गठन नगरी त्यस्ता समूह मार्फत कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ड) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने आयोजनाहरु श्रममूलक प्रविधिमा आधारित रही स्थानीय श्रमको उपयोग र परिचालनलाई उच्च प्राथमिकता दिनु पर्नेछ । साथै लोडर, बुलडोजर, एक्साभेटर, रोलर, ग्रेडर, विटुमिन डिष्ट्रिव्यूटर, विटुमिन व्याईलर जस्ता ठूला मेशीनरी औजारको प्रयोग गर्न पाइनेछैन ।

(ढ) श्रममूलक तवरबाट काम हुन नसकी मेशिनरी उपकरणको प्रयोग गर्नु पर्ने भएमा गरिने कामको नर्म्स तथा लागत अनुमान स्वीकृत गरी स-साना मेशिनरी उपकरणको प्रयोग गर्न सकिनेछ । तर श्रममूलक तवरबाट कार्य गराउने गरी लागत अनुमान तयार गरी मेशिनरी उपकरणको प्रयोगद्वारा कार्य गराइएको पाइएमा तत्कालै आवश्यक कार्यवाही गरी भुक्तानी रकम असुल उपर गर्ने र सोको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

(ण) उपभोक्ता समितिले सञ्चालन गर्ने गरी सम्झौता भएको कार्यक्रम/आयोजना उपभोक्ता समिति स्वयमले कार्यान्यवन नगरी कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याकबाट कार्यान्वयन गर्न गराउन पाईनेछैन । त्यसरी दिएको पाईएमा त्यस्ता समितिसँगको सम्झौता रद्ध गरी बैकल्पिक माध्यमबाट कार्यान्वयन गराउन सकिनेछ ।

(त) उपभोक्ता समितिको गठन र यसको बैठकका निर्णयहरुको अभिलेख उपभोक्ता समितिको सचिवले राख्नुपर्नेछ ।

(थ) सम्बन्धित निकायबाट कुनै पनि समयमा उपभोक्ता समिति तथा आयोजना कार्यान्वयन गर्ने निकाय/संघ-संस्थाको आर्थिक कारोवारको बारेमा जाँचवुझ वा निरीक्षण गर्न सकिनेछ ।

(द) प्रचलित ऐन नियम, प्रक्रिया र मापदण्ड विपरीत उपभोक्ता/अनुगमन समिति गठन गरेको वा सिफारिस गरेको पाइएमा यसरी गठन वा सिफारिस गर्ने व्यक्ति/संस्थालाई समेत आवश्यक कार्यवाही गर्न सकिनेछ ।

(ध) उपभोक्ता समितिले आफुले प्राप्त गरेको कुनै रकम दुरुपयोग गरेको पाइएमा खण्ड (ण) बमोजिम निर्माण व्यवसायी वा सव-कन्ट्याक्टबाट कार्यान्वयन गरेको पाईएमा सम्बन्धित निकायले छानविन गरी उपभोक्ता समितिका पदाधिकारीहरुबाट दामासाहीले सरकारी बाँकि सरह असुल उपर गर्नुपर्नेछ र यस्तो कार्यमा आवश्यक सहयोग पुर्‍याउनु सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।

(न) उपभोक्ता समिति मार्फत सञ्चालन भएका आयोजनाहरुको कार्यसम्पन्न भएपछि जिल्ला विकास समितिले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(प) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन अनुसूची- १८ को ढाँचामा सम्झौतामा तोकिए बमोजिमको समयमा जिल्ला विकास समितिमा पठाउनुपर्नेछ ।

(फ) उपभोक्ता समितिले सडक निर्माणको लागि जग्गा उपलब्ध गराउने, अधिकतम जनसहभागिता जुटाउने, सडक संरक्षणको लागि वातावरणमैत्री जैविक संरचनाको व्यवस्थापन गर्ने तथा निर्माण पश्चात सडक मर्मत सम्भारको समेत जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(ब) जिल्ला विकास समितिले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समिति, सामुदायिक संस्था एवं गैर सरकारी संघ संस्थाको अनुसूची- १९ बमोजिम अभिलेखिकरण गरी लगत व्यवस्थित गर्नुपर्नेछ ।

२३. <u>सार्वजनिक निजी साझेदारी:</u> (१) जिल्ला विकास समितिले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्य आर्थिक प्रशासन नियमावलीको नियम १५७ अनुसार सार्वजनिक निजी साझेदारी अर्न्तगत गराउन सक्नेछ ।

(२) निजीक्षेत्र आकर्षित हुनसक्ने सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा साझेदारीमा काम गर्न जिल्ला विकास समितिले निजी क्षेत्रलाई आव्हान गर्नुपर्नेछ ।

(३) यसरी कार्य गराउँदा "सार्वजनिक निजी साझेदारी नीति, २०६०" एवं "सार्वजनिक निजी साझेदारी कार्यविधि (स्थानीय निकायको लागि), २०६१" बमोजिम गर्नु गराउनु पर्नेछ ।

(४) जिल्लाभित्र रहेको सरकारी निकायहरु, नगरपालिका, गाउँ विकास समिति, गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम/आयोजनामा परिपुरकता कायम गर्नुका साथै यस्ता संस्थाहरुसँग साझेदारीमा कार्यक्रम/आयोजनाहरु सञ्चालन एवं कार्यान्वयन गर्न सकिनेछ ।

२४. <u>ठेक्कापट्टाबाट काम गराउन सकिने</u> : (१) उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने जटिल र प्राविधिक रुपमा कठिन प्रकृतिका आयोजनाहरुको प्रचलित कानूनको प्रक्रिया पुऱ्याई ठेक्कापट्टाद्धारा काम गराउन सकिनेछ ।

(२) ठेक्कापट्टाद्धारा काम गराउँदा आयोजनाको कार्यान्वयनमा सहजीकरण एवं अनुगमन गर्न एकजना महिला सहित ५ सदस्यीय छुट्टै सुपरिवेक्षण एवं अनुगमन समिति गठन गर्नुपर्नेछ र अन्तिम भुक्तानी एवं फरफारक गर्नुपूर्व यस्तो समितिको सिफारिस लिनुपर्नेछ ।

२५. <u>सडक निर्माण सम्बन्धी विशेष व्यवस्था</u> : (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिनसक्ने कृषि (कृषि/पशुविकास/मत्स्य विकास) तथा गैह्र कृषि (लघुउद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरु उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

(२) सडकमा लगानी गर्दा नयाँ ट्र्याक खोल्ने कार्यलाई कम प्राथमिकता दिई भैरहेका सडकहरुलाई बाह्रै महिना सञ्चालन गर्न, सडकको स्तरोन्नतीका साथै स-साना पुल पुलेसा निर्माणमा जोड दिनुपर्नेछ ।

(३) जिल्लाको समग्र विकासका लागि नयाँ ट्र्याक खोल्न अत्यावश्यक देखिएमा जिल्ला यातायात गुरुयोजनाको प्राथमिकतामा परेको सडकमामात्र नयाँ ट्र्याक खोल्न सकिनेछ र नयाँ ट्र्याक खोल्दा यातायात सेवा सञ्चालन भएको सडकखण्डलाई जोड्ने प्रवेश विन्दुदेखिमात्र क्रमशः निर्माण कार्य गर्नुपर्नेछ । साथै नयाँ ट्र्याक खोल्दा सडक सम्बन्धी सशर्त अनुदान बाहेक अन्य रकमबाट लगानी गर्न पाइने छैन ।

(४) सडक निर्माण कार्यमा ठूला मेशिनरी उपकरणको प्रयोग गर्न पाइनेछैन । तर प्राविधिकको परामर्शमा वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण सुरक्षा नियमावली, २०५४ को साथै सामाजिक तथा वातावरणीय सुरक्षाको रुपरेखाको परिधिभित्र रही स-साना वातावरण तथा श्रममैत्री उपकरण प्रयोगमा वाधा पर्ने छैन ।

(५)जिल्ला विकास समितिले जिल्ला विकास समिति, गाउँ विकास समिति लगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवं अद्यावधिक विवरण (इन्भेन्ट्री) तयार गरी राख्नु पर्नेछ ।

(६)सम्बन्धित निकायको स्वीकृति वेगर वातावरणमा प्रत्यक्ष रुपमा असर पुऱ्याउने खालका आयोजनाहरु तथा स्थानीय निकायको स्वीकृति वेगर स्थानीयस्तरका सडक निर्माण सम्बन्धी भौतिक पूर्वाधारका आयोजनाहरु सञ्चालन गर्न पाइनेछैन । साथै सडक निर्माण सम्बन्धी कार्यसञ्चालन गर्नुपूर्व सडकको क्षेत्राधिकार (राइट अफ वे) कायम गरी लगत कट्टा गर्नुपर्नेछ ।

२६. <u>मर्मत संभार सम्बन्धी व्यवस्था</u> : (१) रु. एक करोड रुपैयाभन्दा माथि लागत भएका आयोजनाको हकमा आयोजनाको लागत अनुमान तर्जुमा गर्दाकै समयमा मर्मत सम्भारका लागि रकम छुट्याउनु पर्नेछ । सोभन्दा कम लागतका स्थानीय पूर्वाधार सम्बन्धी आयोजनाको हकमा आर्थिक प्रशासन नियमावलीको नियम ५४(ग) बमोजिमको मर्मत संभार विशेष कोषमा आवश्यक बजेट विनियोजन गरी उक्त कोषबाट मर्मत सम्भारको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भईसकेका आयोजनाहरुको नियमित रेखदेख र मर्मत संभार कार्य आफैले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामूदायिक संस्था वा गैरसरकारी संस्थालाई अनुसूची- २० बमोजिम हस्तान्तरण गरी दिगो सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) हस्तान्तरित आयोजनाहरुको नियमित सञ्चालन र मर्मत संभारका लागि उपभोक्ता समिति, गैसस वा समुदायिक संस्थाले सम्बन्धित स्थानीय निकायबाट स्वीकृति लिई आवश्यक सेवाशुल्क तोकी आफ्नो कोष खडा गर्न सक्नेछन् । यसरी नियमित रुपमा मर्मत संभार नगर्ने आयोजनामा स्थानीय निकायबाट थप लगानी गरिनेछैन ।

२७. <u>**जनसहभागिता एवं लागत सहभागिता :**</u> (१) कार्यक्रम/आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अत्याधिक मात्रामा सहभागीता जुटाउने प्रयत्न गर्नु जिल्ला विकास समितिको कर्तव्य हुनेछ ।

(२) सहभागिताको मापदण्ड तयार गर्दा आयोजनाको प्रकृति, आयोजनास्थल, उपभोक्ताको क्षमता र जिल्ला विकास समितिले अवलम्वन गरेको नीतिका अधीनमा रही १० प्रतिशतमा कम नहुने गरी (नगद, श्रम वा स्थानीय समाग्री) निर्धारण गर्नु पर्नेछ । तर सम्बन्धित जिल्ला विकास समितिबाट सोभन्दा बढी सहभागिताको अंश निर्धारण गरिएकोमा सोही बमोजिम हुनेछ ।

(३) यस्तो सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिने प्रावधान राख्न सकिनेछ । साथै लागत सहभागिता व्यहोर्न नसकेको कारणबाट लक्षित समूहलाई वञ्चित गराइनेछैन ।

## भाग ६
## अनुगमन एवं मूल्याङ्कन

२८. **सुपरिवेक्षण तथा अनुगमन समिति :** (१) जिल्ला विकास समितिले जिल्लामा सञ्चालित विभिन्न कार्यक्रम/आयोजनाहरुको समग्र अनुगमन गर्ने प्रयोजनका लागि नियमावलीको नियम २०२ बमोजिम निर्वाचित पदाधिकारीको व्यवस्था नभएसम्म देहाय बमोजिमको एक जिल्ला सुपरिवेक्षण तथा अनुगमन समिति गठन गर्नुपर्नेछ :-

(क) जिल्ला विकास समितिको सभापति वा सभापतिको काम गर्न तोकिएको पदाधिकारी - संयोजक

(ख) स्थानीय विकास अधिकारी सदस्य

(ग) विषयगत कार्यालयका प्रमुखहरु मध्येबाट २ जना- सदस्य

(घ) जिल्ला प्राविधिक कार्यालयका प्रमुख- सदस्य

(ङ) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख वा अधिकृत प्रतिनिधि - सदस्य

(च) योजना, अनुगमन तथा प्रशासकीय अधिकृत- सदस्य सचिव

(२) सुपरिवेक्षण तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्ने र नगरेको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ख) आयोजनाको कार्यान्वनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देशन दिने, र

(ग) विषयगत कार्यालय, अन्य सरकारी वा गैर सरकारी क्षेत्रबाट सञ्चालित आयोजनाको समेत अनुगमन गर्ने,

(३) समितिबाट अनुगमनको क्रममा देखिएका विषयमा आवश्यक लेखाजोखा गरी आफ्नो सुझाव सहितको प्रतिवेदन प्रत्येक चौमासिक रुपमा जिल्ला विकास समिति समक्ष पेश गर्नेछ । यसरी प्राप्त प्रतिवेदनमाथि जिल्ला विकास समितिको वैठकमा छलफल गर्नुपर्नेछ,

(४) जिल्ला विकास समितिले आफ्ना कार्यक्रम/आयोजनाहरुको सुपरिवेक्षण तथा अनुगमन कार्ययोजना/कार्यतालिका बनाई सोको आधारमा नियमित रुपमा सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्नुपर्नेछ।

(५) अनुगमन सम्बन्धी अन्य व्यवस्था जिल्ला विकास समितिबाट तोकिए बमोजिम हुनेछ।

२९. **अनुगमन सम्बन्धी थप व्यवस्था** : (१) मन्त्रालय वा जिल्ला विकास समितिले जिल्ला विकास समितिबाट सञ्चालित कार्यक्रम/आयोजनाहरुको सेवा करारमा परामर्शदाता नियुक्त गरी अनुगमन गर्न गराउन सक्नेछ।

(२) जिल्लाभित्र सञ्चालित कार्यक्रम तथा बजेटको तर्जुमा, कार्यान्वयन र अनुगमन प्रक्रियामा वातावरणीय पक्ष, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता विषयलाई पर्याप्त ध्यान दिए नदिएको वारेमा सुपरिवेक्षण तथा अनुगमन गर्नुपर्नेछ । यसरी कार्यक्रम तथा बजेटको लैङ्गिक बजेट परीक्षण गर्दा “स्थानीय निकाय लैङ्गिक बजेट परीक्षण कार्यविधि, २०६४” बमोजिम गर्नुपर्नेछ ।

(३) अनुगमन तथा सुपरिवेक्षण गरिएका योजनाहरुको प्रतिवेदन अनुसूची- २१ बमोजिम कार्यान्वयन गर्ने निकाय र अनुगमनकर्ता खटाउने निकायलाई दिनुपर्नेछ । तथा अनुगमन गरिएका आयोजनाहरुको लगत अनुसूची- २२ बमोजिमको लगत कितावमा राख्नु पर्नेछ ।

३०. **आयोजना जाँचपास, फरफारक र हस्तान्तरण सम्बन्धी व्यवस्था:** (१) जिल्ला विकास समितिले आयोजना सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार आयोजनाको हकमा सम्बन्धित प्राविधिकले पेश गरेको अन्तिम मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र सार्वजनिक परीक्षणको प्रतिवेदन समेतका आधारमा ३० दिनभित्र आयोजनाको जाँचपास गर्नुपर्नेछ ।

(२) जिल्ला विकास समितिले विषयगत कार्यालय, अन्य निकाय वा संघसंस्थाबाट सञ्चालित आयोजनाको सम्बन्धित निकायबाट कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि आवश्यक जाँचवुँझ गरी ३० दिनभित्र जाँचपास गर्नुपर्नेछ ।

(३) जिल्ला विकास समितिले आयोजना जाँचपास भएपछि फरफारक गरिदिनुपर्नेछ । फरफारक भएका आयोजनाहरुको जिल्ला परिषद्बाट अनुमोदन गराउनु पर्नेछ ।

(४) आयोजना सम्पन्न भै सकेपछि सम्बन्धित नगरपालिका, गाउँ विकास समिति, सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्थालाई हस्तान्तरण गर्न सकिनेछ र सोको अभिलेख अनुसूची- २० बमोजिम राख्नुपर्नेछ ।

(५) जिल्लाभित्र लगानी गरी सृजना गरिएका पूर्वाधारको ऐनको दफा २३१ बमोजिम लगत किताबमा आम्दानी जनाई राख्नु पर्नेछ ।

३१ **प्रगति प्रतिवेदन एवं समीक्षा सम्बन्धी व्यवस्था :** (१) जिल्ला विकास समितिले स्थानीय स्वायत्त शासन ऐन, नियम बमोजिम आयोजना तथा कार्यक्रमको चौमासिक र वार्षिक रुपमा प्रगति समीक्षा एवं मूल्यांकन गर्नुपर्नेछ ।

(२) जिल्ला विकास समितिबाट सञ्चालित आयोजना तथा कार्यक्रमको अनुसूची- २३, २४, २५ र २६ **बमोजिमको वित्तीय प्रगति प्रतिवेदन तथा अनुसूची- २७ र २८** बमोजिमको भौतिक प्रगति प्रतिवेदन देहायको समयभित्र मन्त्रालयको स्थानीय निकाय सहयोग शाखामा तथा अन्य सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

| | | |
|---|---|---|
| (क) मासिक प्रगति | - | प्रत्येक महिनाको ७ गतेभित्र |
| (ख) पहिलो चौमासिक प्रगति | - | मार्ग ७ गतेभित्र |
| (ग) दोस्रो चौमासिक प्रगति | - | चैत्र ७ गतेभित्र |
| (घ) तेस्रो चौमासिक/वार्षिक प्रगति | - | श्रावण १५ गतेभित्र |
| (ङ) वार्षिक आर्थिक विवरण | - | आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र |

(च) पूँजिगत अनुदान, क्षमता विकास अनुदान र सामाजिक परिचालन अनुदानबाट सञ्चालन गरिने आयोजनाहरुको आयोजना लगत विवरण तालिका तयार भएको ७ दिन भित्र ।

(३) जिल्ला विकास समिति र जिल्ला परिषद्को निर्णयहरु निर्णय भएको मितिले ७ दिनभित्र मन्त्रालयको स्थानीय निकाय सहयोग शाखामा आईपुग्ने गरी पठाउनु पर्नेछ ।

(४) जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण प्रतिवेदन प्रत्येक चौमासिक अवधि समाप्त भएको एक महिनाभित्र र गत आर्थिक वर्षको अन्तिम लेखापरीक्षण प्रतिवेदन चालू आर्थिक वर्षभित्र मन्त्रालयको आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ ।

(५) जिल्ला विकास समितिले जिल्लामा सञ्चालित मुख्य मुख्य कार्यक्रम/आयोजनाहरुको आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र एकीकृत रुपमा सूचनामूलक वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विकास समितिको सूचना तथा अभिलेख केन्द्रमा राख्नुपर्नेछ । र सोको एक प्रति मन्त्रालयको सूचना अभिलेख तथा प्रकाशन शाखामा पठाउनु पर्नेछ ।

३२. **प्रभाव अध्ययन** : जिल्ला विकास समितिले सञ्चालन गरेका दुई करोड भन्दा बढी लागतका कार्यक्रम/आयोजना सम्पन्न भएको तीन वर्षपछि नियमावलीको नियम २०६ बमोजिम कुनै दुईवटा आयोजनाहरुको प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ । यसरी मूल्याङ्कनबाट सिकिएका पाठहरुलाई नयाँ योजना छनौट तथा कार्यान्वयन गर्दा पृष्ठपोषणको रुपमा लिने पद्दतिको विकास गर्नुपर्नेछ ।

३३. **<u>मूल्याङ्कन तथा पुरस्कार सम्बन्धी व्यवस्था</u>:** (१) यस कार्यविधिमा उल्लिखित प्रावधानहरुको पालना भए नभएको तथा तोकिएको समयभित्रै कार्यक्रम तथा आयोजना सम्पन्न गरे नगरेको आधारमा न्यूनतम शर्त र कार्यसम्पादन मूल्याङ्कन समेतको आधारमा मन्त्रालयले सम्पूर्ण जिल्ला विकास समितिको मूल्यांकन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मूल्याङ्कन समेतका आधारमा मन्त्रालयले जिल्ला विकास समिति, जिल्ला विकास समितिको कार्यालयका उत्कृष्ट काम गर्ने कर्मचारीलाई पुरस्कारको व्यवस्था गर्नेछ ।

(३) जिल्ला विकास समितिले मन्त्रालयले तोकेको मापदण्ड बमोजिम जिल्लाको विकासमा उत्कृष्ट योगदान पुऱ्याउने व्यक्ति, संस्था वा पदाधिकारीलाई पुरस्कृत गर्न सक्नेछ ।

## भाग ७

## बजेट अख्तियारी र निकासा

३४. **अख्तियारी र रकम निकासा प्रक्रिया :** जिल्ला विकास समितिमा जाने अनुदानको अख्तियारी र रकम निकासा प्रक्रिया देहाय बमोजिम हुनेछ :-

(क) मन्त्रालयको सिफारिसमा निःशर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयबाट सोझै जिल्ला विकास समितिलाई पठाइनेछ ।

(ख) सशर्त अनुदानको हकमा मन्त्रालय तथा विषयगत मन्त्रालयबाट शर्त सहितको अख्तियारी जिल्ला विकास कोषमा जम्मा हुने गरी पठाउनु पर्नेछ । स्थानीय विकास मन्त्रालय, विषयगत मन्त्रालय, विभाग, आयोग, समिति, प्रतिष्ठान वा यस्तै प्रकृतिका अन्य निकायबाट जिल्ला विकास कोषमा जम्मा हुने गरीमात्र अख्तियारी पठाइनेछ ।

(ग) विकास साझेदार एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँग भएको सम्झौताको आधारमा सम्झौताका शर्त बमोजिम अख्तियारी पठाइनेछ ।

(घ) नेपाल सरकारका केन्द्रीय निकायबाट स्थानीय निकायले चालू आर्थिक वर्षमा कार्यान्वयन गर्नेगरी चैत्र मसान्तपछि कुनै पनि नयाँ कार्यक्रम/आयोजनाको नाममा अख्तियारी वा कुनै प्रकारको बजेट पठाइने छैन ।

(ङ) जिल्ला विकास समितिले बैशाख मसान्तपछि कुनै पनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम/आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन पाउने छैन ।

## भाग ८

## कोष व्यवस्थापन

३५. **जिल्ला विकास कोष :** जिल्ला विकास समितिको नाममा प्राप्त हुने सबै प्रकारका आम्दानी ऐनको दफा २२१ बमोजिम जिल्ला विकास कोषमा जम्मा गर्नुपर्नेछ ।

३६. **कोष सञ्चालन र व्यवस्थापन :** (१) जिल्ला विकास कोषको सञ्चालन ऐनको दफा २२२, आर्थिक प्रशासन नियमावलीको नियम ४३ का अतिरिक्त देहायबमोजिम हुनेछ :-

(क) कोषमा जम्मा भएको रकमको स्रोत अनुसारको अभिलेख खाता/सहायक खाता खडा गरी अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गरी गराई राख्नुपर्नेछ ।

(ख) प्रत्येक सहायक खाताको अनुसूची- २४ बमोजिम वित्तीय प्रगति प्रतिवेदन तयार गरी बैंक खातासँग मासिक रुपमा भिडान मिलान गर्नुपर्नेछ । यसरी मिलान गरिएको हिसाव विवरण चौमासिक प्रगति फारामहरुसँगै मन्त्रालयको आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ ।

(ग) जुनसुकै स्रोतबाट जिल्ला विकास समितिमा प्राप्त रकम जिल्ला विकास कोषको मुल खातामा जम्मा नगरी खर्च गर्न पाईने छैन ।

(घ) विषयगत कार्यालय, विकास साझेदार लगायत विभिन्न निकायबाट अख्तियारीमा तोकिएको शर्त एवं कार्यविधि बमोजिम प्राप्त हुने रकम सोही बमोजिम चालूखर्च तथा पूँजिगतखर्च खातामा जम्मा गरी खर्च गर्नुपर्नेछ ।

(ङ) विषयगत कार्यालय वा अन्य निकायको नाममा जिल्ला विकास कोषमा प्राप्त रकम स्थानीय विकास अधिकारीले सम्बन्धित निकायबाट कार्यान्वयन गर्नेगरी अख्तियारी एवं निकासा दिनु पर्नेछ ।

(२) जिल्ला विकास समितिको खाता व्यवस्थापन निम्न बमोजिम हुनेछ :

(क) जिल्ला विकास समितिलाई नेपाल सरकारवाट प्राप्त हुने सवै प्रकारका निःशर्त एवं सशर्त अनुदान "ख" समूहको खातामा निकासा हुनेछ । "ख" समूहको खातावाट "ग" समूहको खातामा अनुसूची- २९ बमोजिमको जिल्ला विकास कोषको रकम प्रवाह तालिका र अनुसूची- ३० बमोजिमको कार्यान्वयन कार्यतालिका स्वीकृत गरी स्वीकृत कार्यतालिका अनुसार रकम स्थानान्तरण गरेरमात्र आर्थिक कारोवार

गर्नुपर्नेछ । यसरी “ग” समूहको खातामा स्थानान्तरण गर्दा चालू र पूँजिगत शीर्षकमा छुट्याइ खर्च गर्नुपर्नेछ ।

तर एकल खाता कोष प्रणालि लागु भएका जिल्लामा “ख” समूहको खाता नरहने हुँदा अनुदान निकासाको चेक सिधै “ग” समूहको खातामा जम्मा गर्नु पर्नेछ ।

(ख) जिल्ला विकास समितिले आर्थिक कारोबार सञ्चालनका लागि “ग” समूहको खाता बाहेक अन्य कुनै खाताबाट कारोबार गर्न पाउने छैन ।

(ग) आर्थिक प्रशासन नियमावलीको नियम ३३ (१) (छ) बमोजिमको कर्मचारी कल्याण कोषमा जम्मा हुने रकम व्याज आर्जन हुने खातामा व्यवस्थापन गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकीकृत कोष खाता प्रणाली लागु भएका जिल्लाको हकमा महालेखा नियन्त्रकको कार्यालयले तोके बमोजिम खाता व्यवस्थापन र सञ्चालन गर्नुपर्नेछ ।

३७. **विशेष कोष सम्बन्धी व्यवस्था :** (१) जिल्ला विकास समितिले आर्थिक प्रशासन नियमावली को नियम ५४ मा व्यवस्था भए बमोजिम जिल्ला परिषद्बाट कोष सञ्चालन सम्बन्धी विनियम स्वीकृत गराई विशेष कोषहरु स्थापना गर्न र त्यस्तो कोषमा रकम विनियोजन गर्न सक्नेछ ।

(२) कोषको सञ्चालन तथा खर्चका प्रक्रियाहरु निर्धारण गर्दा कोषको उद्देश्यसँग सम्बन्धित कार्यमामात्र खर्च गर्नुपर्नेछ । यस्तो कोषमा खर्च नभै बाँकि रहेको रकम संचित हुँदै जानेछ ।

(३) यस्ता कोषमा जम्मा भएको रकम जुन प्रयोजनका लागि राखीएको हो सो बाहेक अन्य प्रयोजनमा वा आर्थिक सहायताका लागि खर्च गर्न पाइने छैन ।

३८. **रकम फ्रिज सम्बन्धी व्यवस्था :** सालतमाममा खर्च नभई बाँकि रहेको रकम देहाय बमोजिम गर्नुपर्नेछ :-

(क) नेपाल सरकारबाट निकासा भएको सबै नि:शर्त तथा सशर्त, पूँजिगत तथा चालू अनुदान रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाडि नै भुक्तानी दिनु पर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार वन्द गर्नुपर्नेछ ।

(ख) आर्थिक कारोवार वन्द गरेपछि बाँकि रहेको रकम जिल्ला विकासको मुल कोष खातामा फिर्ता गर्नुपर्नेछ । यसरी फिर्ता प्राप्त भएको रकममध्ये नेपाल सरकारबाट प्राप्त फ्रिज गर्न नपर्ने रकम र जिल्ला विकास समितिको आन्तरिक आम्दानीको रकम, नेपाल सरकारबाट राजश्व बाडफाडबाट प्राप्त हुने रकम समेत आगामि आर्थिक वर्षको लागि जिम्मेवारी सारी लेखा राख्नुपर्नेछ । साथै सम्झौता भई सम्पन्न नभएका र दायित्व सृजना भएका क्रमागत आयोजनाको विवरण अनुसूची- ३१ बमोजिम राख्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम रकम फिर्ता प्राप्त भएपछि तोकिए बमोजिम फ्रिज गर्नुपर्ने रकम “ख” समूहको खातामा स्थानान्तरण गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेछ ।

तर एकल खाता कोष प्रणालि लागु भएका जिल्लामा “ख” समूहको खाता नरहने हुँदा फ्रिज हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा फिर्ता गर्नुपर्नेछ ।

## भाग ९
## लेखा र लेखापरीक्षण

३९. **लेखा व्यवस्थापन :** (१) जिल्ला विकास समितिको आम्दानी खर्चको हिसाव कप्यूटराईज्ड लेखा प्रणालीमा र यस कार्यविधिका अनुसूचीमा उल्लिखित खाता, सहायक खाताहरुमा प्रविष्टी गराई राख्नुपर्नेछ ।

(२) लेखा प्रमुख र कार्यालय प्रमुखले प्रत्येक महिनाको अन्तमा बैंक स्टेटमेन्टसँग भिडाई खाता प्रमाणित गरी राख्नुपर्नेछ ।

(३) खर्च गर्दा स्वीकृत बजेट शीर्षकको सीमाभित्र रहीमात्र खर्च व्यवस्थापन गर्नुपर्नेछ ।

(४) विषयगत कार्यालय, गाउँ विकास समिति एवं अन्य निकायहरुलाई स्वीकृत कार्यक्रम आयोजना बमोजिम विनियोजन भएको रकमको सीमाभित्र रही समयमानै कार्यतालिका बमोजिम निकासा दिनुपर्नेछ ।

(५) खर्च व्यवस्थापन गर्दा नियमितता, मितव्ययिता, प्रभावकारीता, कार्यकुशलता, औचित्यता र जवाफदेहीताको सिद्धान्तलाई अवलम्वन गर्दै आर्थिक प्रशासन नियमावली बमोजिम खर्च गर्नुपर्नेछ ।

(६) भौतिक पूर्वाधार आयोजनाको हकमा सुपरिवेक्षक तथा अनुगमन समितिको प्रतिवेदन वा प्राविधिकबाट स्थलगत अनुगमन तथा सुपरिवेक्षण गरी पेश भएको प्रतिवेदन र अन्य कार्यक्रमको हकमा कार्यक्रमको उद्देश्य, कार्यस्थल, सहभागिता, अवधि र भौतिक एवं वित्तीय प्रगति लगायत सम्बन्धित निकायको प्रतिवेदन र यस कार्यविधिको प्रक्रिया पुरा गरी पेश नभएसम्म कुनै पनि कार्यक्रममा थप किस्ता निकासा दिन र पेश्कीमाथि पेश्की दिन पाईने छैन ।

(७) कार्यालय प्रमुखले आफु ७ दिन भन्दा बढी कार्यालयमा अनुपस्थित रहने अवस्थामा आफ्ना निकटतम मातहतका कर्मचारीबाट खाता सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(८) हरेक जिल्ला विकास समितिले आर्थिक प्रशासन नियमावलीको नियम ३ को अधीनमा रही लेखा सिद्धान्त अनुसार लेखा राख्नुपर्नेछ ।

(९) आर्थिकवर्ष समाप्त भएको ३५ दिनभित्र तोकिएको ढाँचामा वित्तीय प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गनुपर्नेछ ।

४०. <u>लेखा परीक्षण</u> : जिल्ला विकास समितिको लेखापरीक्षण देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :-

(१) जिल्ला विकास समितिको लेखापरीक्षण ऐनको दफा २३२ बमोजिम हुनेछ ।

(२) जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले मासिक रुपमा जिल्ला विकास कोष, र निक्षेपण कार्यक्रमको लेखापरीक्षण सम्पन्न हुने गरी आन्तरिक लेखापरीक्षण कार्ययोजना बनाई लेखापरीक्षण गर्नु पर्नेछ ।

(३) जिल्ला विकास समितिको अन्तिम लेखापरीक्षण गर्दा लेखापरीक्षकले आवश्यकता अनुसार आयोजनाहरुको स्थलगत निरीक्षण समेत गरी लेखापरीक्षण गर्न सक्नेछ ।

(४) जिल्ला विकास समितिको अन्तिम लेखापरीक्षणबाट प्राप्त प्रतिवेदनलाई राजनीतिक दल, नागरिक समाज र अन्य सरोकारवालाको उपस्थितिमा जिल्ला विकास समितिले सार्वजनिक गर्नुपर्नेछ ।

(५) अन्तिम लेखा परीक्षण प्रतिवेदन जिल्ला विकास समितिले जिल्ला परिषद्मा पेश गर्नुपर्नेछ ।

(६) काम भएको तर प्रमाणका कागजात जुटाउन नसकेका कारणले बेरुजु फछ्र्यौट हुन नसकेका खर्चहरूलाई रुजु तथा नियमित गराउन जिल्ला परिषद्ले जिल्ला विकास समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ । यसरी प्राप्त निर्देशनलाई प्राथमिकता दिई पालना गर्नु गराउनु जिल्ला विकास समितिको कर्तव्य हुनेछ ।

(७) जिल्ला विकास समितिले अन्तिम लेखा परीक्षणबाट निस्केको वेरुजु सम्परीक्षण गराई नियमित गराउनु पर्नेछ । नेपाल सरकारबाट जाने अनुदानको वेरुजु महालेखा परीक्षकको कार्यालय तथा आन्तरिक आयको वेरुजु जिल्ला परिषद् समक्ष सम्परीक्षणका लागि पेश गर्नु पर्नेछ ।

## भाग १०
## सुशासन सम्बन्धी थप व्यवस्था

४१. **उत्तरदायित्व सम्बन्धी व्यवस्था** : जिल्ला विकास समितिको सम्पूर्ण काम कार्यवाहीलाई सरल, सुव्यवस्थित, सेवाग्राहीमैत्री र जिम्मेबारयुक्त बनाई स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउन देहाय बमोजिमको व्यवस्था गर्नुपर्नेछ :-

(क) "सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४", "सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५" का प्रावधान बमोजिम राजनीतिक नेतृत्व र कर्मचारीबीच कार्यजिम्मेवारी स्पष्ट किटान गरी परिषद्बाट स्वीकृत गराउनु पर्नेछ ।

(ख) कार्यालयको कार्यमा विभिन्न विभाग, शाखा, कार्यालय, इकाईको कार्य जिम्मेवारी र उक्त शाखा इकाई कार्यालयमा काम गर्ने प्रत्येक कर्मचारीको काम, कर्तव्य र अधिकार एवं जिम्मेवारी तोकी काम गराउने व्यवस्था मिलाउनु पर्नेछ । यसरी जिम्मेवारी तोकेपछि सम्बन्धित शाखालाई कार्यसम्पादन मापन सूचकसँग समेत अन्तरसम्वन्ध स्थापित गर्नु पर्नेछ ।

(ग) कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा उक्त सूचकहरु अनुसार कार्य गरे नगरेको वस्तुगत मूल्याङ्कन गरी पुरस्कार र दण्ड दिने परिपाटी अवलम्वन गर्नुपर्नेछ ।

(घ) नागरिकप्रति उत्तरदायी भई व्यवहार गर्न, नागरिकका आधारभूत आवश्यकता र अधिकारहरुप्रति संवेदनशील भई प्रभावकारी सेवा प्रवाह गर्न जिल्ला विकास समितिले आफ्ना कर्मचारी एवं पदाधिकारीहरुलाई अभिमुखिकरण गर्नुको साथै कार्यालयको कार्यवातावरणमा आवश्यक सुधार ल्याउनु पर्नेछ ।

(ङ) नागरिकका लिखित वा मौखिक गुनासाहरुलाई प्राथमिकता दिई संवोधन गर्न कर्मचारी तोक्नु पर्नेछ । उक्त जिम्मेवार कर्मचारीले चौमासिक रुपमा प्राप्त गुनासा र सुनुवाई गरेको विवरण समीक्षा वैठकमा पेश गर्नु पर्नेछ ।

(च) सूचनाको हक सम्बन्धी अधिकारलाई कार्यान्वन गराउन प्रतिवद्ध रहनु पर्नेछ ।

(छ) जिल्लामा सञ्चालित कार्यक्रम/आयोजना, सेवा प्रवाहको अवस्था आदिका बारेमा कम्तीमा वर्षमा २ पटक सार्वजनिक सुनुवाई सञ्चालन गर्नुपर्नेछ ।

(ज) स्थानीय निकाय तथा स्थानीय सेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्ने उद्देश्यले स्थापना भएको अर्ध-स्वायत्त प्रकृतिको स्थानीय शासन तथा उत्तरदायित्व सहजिकरण संयन्त्र (एल.जि.ए.एफ) मार्फत स्थानीय निकायको काम कार्यवाहीको सन्दर्भमा नागरिक अनुगमन, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, जनसर्भेक्षण र नागरिक बडापत्रको व्यवस्थित गर्ने जस्ता कार्य गरी स्थानीय निकायलाई सेवाग्राहीप्रति उत्तरदायी गराउनुको साथै वित्तीय अनुशासन कायम गरिनेछ ।

(झ) नागरिक वडापत्रमा उल्लेख भएबमोजिम सेवा प्रवाह गरे नगरेको सम्वन्धमा स्थानीय शासन तथा उत्तरदायित्व सहजिकरण संयन्त्रले समेत अनुगमन गर्न सक्नेछ ।

(ञ) व्यक्तिगत घटना दर्ता, समाजिक सुरक्षा कार्यक्रमको भत्ता, नागरिक सरोकारका दैनिक सिफारिस जस्ता विषयहरुलाई प्राथमिकता दिई नागरिकलाई प्रवाह हुने सेवा सुनिश्चित हुने ब्यवस्था मिलाउनु पर्नेछ ।

(ट) जिल्ला विकास समितिको समग्र सेवा प्रवाह र आयोजनाको कार्यान्वयन सम्वन्धमा सम्बन्धित पक्षको चित्त नबुझेमा जिल्ला विकास समिति समक्ष उजुरी दिन सकिनेछ । त्यस्तो उजुरीको सुनुवाई गर्नु जिल्ला विकास समितिको कर्तव्य हुनेछ ।

(ठ) जिल्ला विकास समितिका कर्मचारीहरुको सम्पत्ति विवरण स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६४ (घ) बमोजिम प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र राष्ट्रिय सतर्कता केन्द्रले तोकेबमोजिमको ढाँचामा व्यवस्थित गरी राख्नुपर्नेछ ।

(ड) जिल्ला विकास समितिका पदाधिकारी एवं कर्मचारीहरुको आचारसंहिता पारित गराई लागु गर्नु गराउनु पर्नेछ ।

४२. **पारदर्शिता सम्बन्धी ब्यवस्था** : जिल्ला विकास समितिले आफूले गरेका काम कारबाहीलाई पारदर्शी ढंगले सञ्चालन गर्न देहाय बमोजिम व्यवस्था गर्नुपर्नेछ :-

(१) रु. ५ लाख वा सोभन्दा बढी लागत अनुमान भएका कार्यक्रम/आयोजनाहरुको सूचना पाटी अनुसूची- १७ को क्रमसंख्या ८ बमोजिमको विवरण सर्वसाधारणले देख्न सक्ने गरी योजनास्थलमा राख्नुपर्नेछ ।

(२) जिल्ला विकास समितिले आफ्नो आम्दानी तथा खर्च प्रत्येक चौमासिक र वार्षिक रुपमा विभिन्न माध्यमबाट सार्वजनिकरण गर्नुपर्नेछ ।

(३) आयोजना सम्पन्न भैसकेपछि त्यस्ता आयोजनाको अनुसूची- ३२ र ३३ बमोजिम सार्वजनिक परीक्षण गराउनुपर्नेछ । सार्वजनिक परीक्षण नभएसम्म अन्तिम किस्ता भुक्तानी दिईनेछैन ।

(४) जिल्ला विकास समितिले वडा नागरिक मञ्च समेतको सहभागितामा सरोकारवाला सबै पक्षको प्रतिनिधित्व रहेको भेलामा कम्तीमा वर्षको एकपटक सामाजिक परीक्षण गर्नुपर्नेछ । सामाजिक परीक्षण हुने स्थान र उपस्थिति सम्बन्धी सूचना व्यापकरुपमा प्रचार प्रसार गर्नुपर्नेछ ।

(५) मन्त्रालयबाट जारी भएको स्थानीय निकाय सूचना, शिक्षा तथा सञ्चार कार्यक्रम सञ्चालन कार्यविधि, २०६६ बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ,

(६) जिल्ला विकास समितिले देहायका विषयहरु आफ्नो वेभसाइटमा राख्नुका अतिरिक्त स्थानीय वा राष्ट्रिय पत्रपत्रिका, एफ.एम. लगायतका सञ्चारका माध्यमहरुवाट सार्वजनिकरण गर्नुपर्नेछ,

(क) आवधिक तथा वार्षिक योजनाहरु,
(ख) वार्षिक कार्यक्रम तथा बजेट,
(ग) सबै प्रकारका आम्दानी तथा खर्च र भौतिक विकासका चौमासिक र वार्षिक प्रगति विवरणहरु,
(घ) आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनहरु,
(ङ) जिल्लाको वस्तुस्थिति झल्कने विभिन्न वस्तुगत सूचनाहरु,
(च) जिल्ला विकास समिति बोर्ड र जिल्ला परिषद्का सम्पूर्ण निर्णयहरु,
(छ) कार्यालयको सँगठन संरचना, शाखागत जिम्मेबारी र सबै कर्मचारीको नाम नामेसी र कार्य विवरण,
(ज) जिल्ला विकास समिति/जिल्ला परिषद्बाट पारित विनियम, कार्यविधि र निर्देशिका आदि,
(झ) विकास साझेदार संस्थाहरुको विवरण,
(ञ) अनुगमन तथा मूल्यांकनका प्रतिवेदनहरु,
(ट) सेवा प्रवाहसँग सम्बन्धित निवेदनको ढाँचा तथा फारामहरु,
(ठ) नागरिक बडापत्र, र
(ड) जिल्ला विकास समितिले आवश्यक ठानेका अन्य विवरणहरु ।

४३. **वित्तीय सुशासन जोखिम (फिड्युसियरी रिक्स) न्यूनीकरण सम्बन्धी व्यवस्था** : जिल्ला विकास समितिको संस्थागत, आर्थिक, वित्तीय सुशासन एवं विश्वसनीयता कायम गर्दै यस सम्बन्धी जोखिमहरु न्यूनीकरण गर्नका लागि देहाय बमोजिमको व्यवस्था गर्नु पर्नेछ :-

(१) जिल्ला विकास समितिले आफ्नो जिम्मेबारी निर्वाह गर्ने क्रममा काम कारबाही सञ्चालन गर्दा संस्थाको सर्वोपरि हितलाई ध्यानमा राखी संस्थाप्रतिको विश्वसनीयता अभिवृद्धि गर्नुपर्नेछ ।
(२) स्थानीय स्वायत्त शासन ऐन, नियम, प्रचलित कानुन र यस कार्यविधि विपरीत कुनै पनि कार्यक्रम/क्रियाकलाप र सेवा प्रवाह सम्बन्धी कार्य सञ्चालन गर्न पाईने छैन ।
(३) कार्यक्रम/आयोजनाहरुको यस कार्यविधिमा उल्लेख भए बमोजिम नियमित रुपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा नगर्ने उपर प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।
(४) नीतिगत एवं कार्यक्रम/आयोजना कार्यान्वयनमा हुनसक्ने अनियमितता, भ्रष्टाचार र अख्तियारको दुरुपयोग लगायत निहित स्वार्थका लागि कार्य गर्ने उपर प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।
(५) जिल्ला विकास समितिको खरिद प्रक्रियालाई नियमित र पारदर्शी गरानुपर्नेछ । ठेक्कापट्टा प्रक्रियामा हुनसक्ने अनियमितता, मिलोमतो र जवरजस्तीगर्ने जस्ता कानुन विपरीतका कार्यहरु निरुत्साहीत गर्दै विद्युतीय बोलपत्र (ई.विडिङ) को प्रयोगलाई प्रवर्द्धन गर्नुपर्नेछ ।
(६) स्थानीय निकायको हित विपरीत ठेक्का भेरिएसन गर्न वा मूल्य समायोजन गर्न वा स्वार्थ बाझिने काम गर्न पाइनेछैन ।

(७) उपभोक्ता समितिको गठन तोकिएको प्रक्रिया बमोजिम गर्नुपर्नेछ । उपभोक्ता समितिले गर्ने योजनामा व्यापक जनसहभागिता जुटाउने र योजनाबाट प्राप्त हुने प्रतिफल प्रतिको विश्वाश वढाउनु पर्नेछ ।

(८) प्रत्येक आर्थिक वर्षको बैशाख मसान्तपछि नयाँ आयोजना सम्झौता गर्न वा पेश्की उपलब्ध गराउन पाईने छैन । साथै रकम फ्रिज नगर्ने गलत मनसायले नियम भन्दा बढी पेश्की दिन वा अन्य खातामा रकमान्तर वा स्थानान्तरण गर्न समेत पाईने छैन ।

(९) आयोजना तथा कार्यक्रमहरुको यस कार्यविधिमा उल्लेख भए बमोजिम नियमित रुपमा अनुगमन, प्रतिवेदन तथा समीक्षा नगर्ने उपर प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(१०) आर्थिक वर्षको अन्तिम महिनामा पेश्की लिने/दिने, रकमान्तर गर्ने, कार्यक्रम संशोधन गर्ने जस्ता कार्यहरू गर्न पाइने छैन ।

४४. **राजनीतिक दलको जिम्मेवारी तथा उत्तरदायित्व सम्बन्धी व्यवस्था :** जिल्ला विकास समितिमा निर्वाचित प्रतिनिधिहरुको व्यवस्था नभएसम्म राजनीतिक दलका प्रतिनिधिहरुले प्रतिनिधित्व गरी गर्ने निर्णय तथा कार्यको जिम्मेबारी लिनु पर्नेछ । राजनीतिक दलका जिल्ला तह र केन्द्रीय तहले राजनीतिक दलको संयन्त्रमा रही जिल्ला विकास समितिमा कार्यरत आ-आफ्ना प्रतिनिधिहरुको गुणस्तरीय सहभागीता र निर्णयको नतिजाको जबाफदेही लिनु कर्तव्य हुनेछ । दलीय संयन्त्र वा नेतृत्वमा भए गरिएका कामहरुलाई दलीय प्रतिनिधिहरुको सहभागीता र संलग्नतालाई लाभको पदधारण गरेको मानी प्रचलित कानून बमोजिम पुरस्कार र दण्डको व्यवस्था सम्बन्धित जिम्मेबार निकायबाट हुनेछ । राजनीतिक दलले जिल्ला विकास समितिको दलीय संयन्त्रमा प्रतिनिधित्व गर्ने प्रतिनिधि कम्तीमा एक वर्षका लागि १ जनामात्र तोक्नुपर्नेछ ।

४५. <u>पूँजिगत अनुदान कटौति वा रोक्का राख्न सकिने</u> : (१) देहायको अवस्थामा मन्त्रालयले जिल्ला विकास समितिको पूँजिगत अनुदान कटौति वा रोक्का गर्न सक्नेछ ।

(क) स्थानीय निकाय वित्तीय आयोगबाट बार्षिक रुपमा मूल्याङ्कन हुने न्यूनतम शर्त र कार्यसम्पादन मापनको नतिजाका आधारमा न्यूनतम शर्त पुरा नगरेमा ।

(ख) यस कार्यविधिको दफा १२ अनुसार लगानी गर्न निषेध गरिएका विषय वा क्षेत्रमा बजेट विनियोजन वा खर्च गरेको पाइएमा ।

(ग) यस कार्यविधिको दफा ४३ को प्रतिकुल हुनेगरी काम कारबाही गरेको पाइएमा ।

(घ) यस कार्यविधि बमोजिम मन्त्रालयमा पठाउनु पर्ने आयोजना लगानी विवरण तालिका, मासिक/चौमासिक एवं वार्षिक प्रगति प्रतिवेदन र आन्तरिक लेखा परीक्षण प्रतिवेदन समयमै नपठाएमा ।

(च) बैशाख मसान्तपछि नयाँ कार्यक्रम/आयोजना स्वीकृत गर्ने, रकम बाँडफाँड गर्ने, सम्झौता गर्ने वा पेश्की दिने जस्ता कार्य गरेको पाइएमा ।

(छ) प्रचलित कानूनको उल्लंघन गरेमा वा मन्त्रालयबाट समय समयमा भएको निर्देशन पालना नगरेको पाइएमा ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम अनुदान रोक्का राख्नुपूर्व सम्बन्धित जिल्ला विकास समितिसँग रोक्का राख्नु नपर्ने भए सोको चित्तबुझ्दो जबाफ माग गर्नुपर्नेछ । यसरी जिल्ला विकास समितिबाट प्राप्त जबाफ समेतको आधारमा मन्त्रालयले अनुदान रोक्का राख्ने निर्णय गरेमा रोक्का राख्नुको कारण सहितको व्यहोरा सम्बन्धित जिल्ला विकास समितिलाई लिखित रुपमा जानकारी गराउनुका साथै सार्वजनिकीकरण गर्नुपर्नेछ ।

(३) विकास साझेदार र संघसस्थाहरुबाट प्राप्त हुने सशर्त अनुदान तोकिएका शर्त बमोजिम उपयोग नगरेको पाईएमा स्थानीय विकास मन्त्रालयले कुनै एक आर्थिक वर्ष वा कार्यक्रम अवधिभर नै आंशिक वा पुरै शसर्त निःशर्त अनुदान त्यस्तो जिल्ला विकास समितिलाई रोक्का गरी कार्यक्रम बन्द गर्न सक्नेछ ।

## भाग ११
## विविध

४६. **विषयगत मन्त्रालयको जिम्मेबारी :** स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २४३ बमोजिम स्थानीय निकायहरुलाई कार्यक्रम संचालन गर्न सक्षम नबनाएसम्म स्थानीय निकायहरुले विषयगत मन्त्रालयहरु र मातहतका निकायहरुको जिम्मेबारीको क्षेत्रसंग सम्बन्धित कार्यक्रममा विनियोजन गरी संचालन गरेका कार्यक्रमहरुमा प्राविधिक सहयोग जुटाई गुणस्तर कायम गरी अनुगमन मूल्याङ्कन गरी गराई विकेन्द्रिकरण कार्यान्वयन तथा अनुगमन समितिमा बार्षिक प्रगति पेश गर्नु विषयगत मन्त्रालयहरुको कर्तव्य हुनेछ ।

४७. **जिल्ला विकास समितिको भूमिका** : (१) जिल्ला विकास समितिको भूमिका मूलत सहजकर्ता, नियामक, अनुगमन र मूल्याङ्कनकर्ताको हुनेछ । कार्यक्रम/आयोजना कार्यान्वयन गर्दा जिल्ला विकास समितिले आफै नगरी सम्बन्धित विषयगत कार्यालय ,गाउँ विकास समिति, नगरपालिका, गैर सरकारी संस्था वा सामुदायिक संस्थामार्फत गर्नु गराउन प्राथमिकता दिनु पर्नेछ ।

(२) रु. ३ लाख वा सोभन्दा कम लागत अनुमान भएका कार्यक्रम/आयोजनाहरुको कार्यान्वयन जिल्ला विकास समिति आफैले नगरी गाउँ विकास समिति, नगरपालिका, विषयगत कार्यालय मार्फत गराउनु पर्नेछ । यसरी कार्यान्वयन गराउँदा सशर्त एवं निःशर्त अनुदान तथा कार्यक्रम बजेटका माध्यमबाट गराउन सकिनेछ ।

४८. **गाउँ विकास आयोजना सहजीकरण समिति** : (१) गाउँ विकास समितिबाट सञ्चालन हुने आयोजना कार्यान्वयनमा सहजीकरण गर्न देहाय बमोजिमको सहजीकरण समिति रहनेछ :

(क) योजना अनुगमन तथा प्रशासकीय अधिकृत -संयोजक

(ख) स्थानीय विकास अधिकारीले तोकेको प्राविधिक कर्मचारी १, - सदस्य

(ग) प्रमुख, आन्तरीक लेखा परीक्षण शाखा - सदस्य सचिव

(२) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँ विकास समितिबाट प्राप्त आयोजना लगानी विवरण खाताको अध्ययन गरी छनौट भई आएका आयोजनाहरु गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ बमोजिम छनौट भई आए नआएको परीक्षण गरी बजेट निकासाको लागि स्थानीय विकास अधिकारी समक्ष सिफारिस गर्ने,

(ख) तोकिएको समयभित्र बजेट निकासा भए नभएको हेरी नभएको अवस्थामा निकासाको लागि सहजीकरण गर्ने,

(ग) गाउँ विकास समितिको प्रगति प्रतिवेदनहरु प्राप्त गरी सोमा आवश्यक पृष्ठपोषण दिने,

(घ) गाउँ विकास समितिको क्षमता विकास एवं सामाजिक परिचालन सम्बन्धी कार्यमा आवश्यक सहयोग गर्ने,

(ङ) गाउँ विकास समितिको आन्तरीक लेखा परीक्षण र अन्तिम लेखा परीक्षण प्रतिवेदन प्राप्त गरी आवश्यक सुझाव दिने, र

(च) गाउँ विकास समितिको आन्तरिक आयस्रोत वृद्धिगर्न सम्भाव्यता अध्ययन एवं तदनुसार कार्य गर्न सहयोग गर्ने ।

४९. **गाउँ विकास समितिलाई अनुदान दिन सकिने** : जिल्ला विकास समितिले ऐनको दफा २३० अनुसार जिल्ला विकास कोषबाट गाउँ विकास समितिलाई सशर्त वा निःशर्त अनुदान उपलब्ध गराउन सक्नेछ । यसरी अनुदान उपलब्ध गराउँदा सम्बन्धित गाउँ विकास समितिको जनसंख्या, क्षेत्रफल, भौगोलिक विकटता, आन्तरिक आम्दानी, विकासको स्तर आदिका आधारमा सूत्रबद्ध तरीकाले विनियोजन गर्नुपर्नेछ ।

५०. **निर्देशनको पालना:** जिल्ला विकास समितिले यस कार्यविधिका प्रावधानहरुको अतिरिक्त अनुदान उपलब्ध गराउँदा तोकिएका शर्तहरु, मन्त्रालयबाट गरिएका परिपत्र एवं निर्देशन र न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधिमा उल्लिखित प्रावधानहरुको समेत पालना गर्नु गराउनु पर्नेछ ।

५१. **आयोजना कार्यान्वयन सम्बन्धी थप व्यवस्था :** मन्त्रालय, विषयगत निकाय, विकास साझेदार, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था वा विकास समिति आदिसँग विशेष उद्देश्य हासिल गर्नको लागि ऐनको दफा २६३ को प्रक्रिया

पुरा गरी सम्बन्धित निकायसँग भएको संझौता बमोजिम कार्यक्रम/आयोजना तथा बजेट कार्यान्वयन गर्न गराउन यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । तर यसरी कार्यान्वयन गर्दा यस कार्यविधिमा भएका मूलभूत सिद्धान्तको पालना गर्नुको साथै जिल्ला विकास योजनासँग परिपूरकता कायम हुने गरी कार्यक्रम/आयोजना सञ्चालन गर्नुपर्नेछ ।

५२. **कर्मचारीको अभिलेख व्यवस्थापन सम्बन्धी व्यवस्था** : जिल्ला विकास समितिले जिल्ला विकास समितिको कार्यालय, गाउँ विकास समितिको कार्यालय अर्न्तगत आयोजना/कार्यक्रममा कार्यरत कर्मचारीहरुको अभिलेख मन्त्रालयबाट तोके बमोजिमको ढाँचामा राख्नु पर्नेछ र सोको एकप्रति अभिलेखको लागि मन्त्रालयमा पठाउनु पर्नेछ ।

५३. **अभिमुखीकरण सम्बन्धी व्यवस्था** : मन्त्रालयले जिल्ला विकास समिति, नगरपालिका , गाउँ विकास समितिसँग सम्वद्ध राजनीतिक दलका पदाधिकारी, स्थानीय निकायमा कार्यरत एवं विषयगत कार्यालयका कर्मचारी, सरोकारवाला अन्य संस्थाका प्रतिनिधिहरुलाई यस कार्यविधिका मुख्य मुख्य प्रावधानका बारेमा अभिमूखीकरण गर्नेछ ।

५४. **राजस्व अभिवृद्धि सम्बन्धी सचेतना** : जिल्ला विकास समितिले आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम जिल्लापरिषद्बाट पारित गर्नु अगावै जिल्ला विकास समितिको आन्तरिक आय वृद्धिका क्षेत्र, संभावना र रणनीति समेत समावेश गरी राजस्व प्रक्षेपण तथा कार्यान्वयन योजना बनाउनु पर्नेछ ।

५५. **थपघट र हेरफेर**: यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अडचन फुकाउने प्रयोजनका लागि मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

५६. **खारेजी र बचाऊ** : (१) यस कार्यविधिका प्रावधानहरुलाई कार्यान्वयन गर्दा यस कार्यविधि लागू हुनु भन्दाअघि परिषद्बाट स्वीकृत भएका कार्यक्रम र बजेटलाई सोही अनुसार सञ्चालन गर्न यस कार्यविधिले बाधा पुऱ्याएको मानिने छैन । तर यस कार्यविधिका अन्य प्रावधानहरुको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

(२) जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६६ र जिल्ला विकास समिति थप अनुदान (स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम) सञ्चालन कार्यविधि २०६५ खारेज गरिएको छ । साथै उक्त कार्यविधि बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

